# प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति

## २०७७-२०८८



नेपाल सरकार

राष्ट्रिय योजना आयोग

# प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति

## २०७७-२०८८



नेपाल सरकार

राष्ट्रिय योजना आयोग

# मन्तव्य

सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास सम्बन्धी सेवाहरू सहजताका साथ उपलब्ध गराई उनीहरूको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध छ । "**सुखी नेपाली, समृद्ध नेपालको**" दीर्घकालीन सोच हासिल गर्न बालबालिकामा लगानी गर्नु पर्ने आवश्यकता छ । नेपाल लगायत विश्वका विभिन्न राष्ट्रहरूले कार्यान्वयनमा ल्याएका दिगो विकासका १७ ओटा लक्ष्यहरू मध्ये ११ ओटा लक्ष्यहरू प्रत्यक्ष रूपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेका छन् । साथै विभिन्न अनुसन्धानहरूबाट मानव जीवनको सुरुवाती वर्षमा मस्तिष्कको विकास सबैभन्दा तीव्र गतिमा हुने हुदाँ सो अवधिमा गरिने लगानी मानव जीवनको लागि महत्वपूर्ण हुने कुरा प्रमाणित भैसकेको छ ।

यस सन्दर्भमा गर्भावस्थादेखि ८ वर्ष सम्मका सम्पूर्ण बालबालिकाको सर्वाङ्गीण विकास गर्ने लक्ष्यका साथ सोको अवधारणा, परिभाषा र दूरदृष्टिबारे तीनै तहका सरकारका सम्बद्ध निकायहरूबीच स्पष्ट एवं समान धारणा बनाउन राष्ट्रिय योजना आयोगको संयोजनमा प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८ तर्जुमा भएको छ । यस रणनीतिले सबै बालबालिकाको सर्वाङ्गिण विकास सुनिश्चित गरी सक्षम तथा दक्ष मानव स्रोत विकास गर्ने दूरदृष्टी तय गरेको छ ।

प्रारम्भिक बालविकासलाई बालअधिकारको अभिन्न अङ्गको रुपमा आत्मसात गरी बालबालिकाको सर्वाङ्गीण विकासको लागि उनीहरूको उमेर अनुसारको सेवाको सुनिश्चितता गर्ने, सबै बालबालिकाहरूलाई स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण, शिक्षा र खानेपानी तथा सरसफाई सम्बन्धी सबै सेवाहरू एकीकृत रुपमा प्रदान गर्ने, सेवा प्रवाहमा परिवार तथा समुदायको सहभागिता, संलग्नता र जिम्मेवारी अभिवृद्धि गर्ने जस्ता महत्वपूर्ण क्षेत्रमा यस रणनीतिले कार्यदिशाको रुपमा काम गर्ने अपेक्षा गरेको छ । प्रारम्भिक बालविकास बहुपक्षीय सरोकारको विषय रहेको सन्दर्भमा यस रणनीति अनुरुप संघ, प्रदेश तथा स्थानीय तह, गैर सरकारी र निजी क्षेत्रबीच समन्वय स्थापित भई बालबालिकाको सर्वाङ्गिण विकासका लागि आवश्यक शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुने विश्वास लिएको छु ।

अन्त्यमा यस रणनीतिको सफल कार्यान्वयनका लागि आवश्यक सहयोगलाई निरन्तरता दिन सरोकारवाला सम्पूर्ण निकायहरूलाई आव्हान गर्न चाहान्छु । साथै संघीय संरचना अनुसारका संघ, प्रदेश र स्थानीय तहमा प्रारम्भिक बालविकास सम्बन्धी कार्यक्रम तथा क्रियाकलापहरू तय गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि यो रणनीति उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु ।

१५ पौष, २०७७

**प्रा.डा. पुष्पराज कँडेल**
उपाध्यक्ष
राष्ट्रिय योजना आयोग

# आभार

बालबालिकाहरूमा प्रारम्भिक बालविकास उमेरमा उपलब्ध सकारात्मक वातावरणले उनीहरूको स्वास्थ्य, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा अभिवृद्धि गर्दछ। बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकारको सुनिश्चतताले उनीहरूको सर्वाङ्गिण विकासमा टेवा पुऱ्याउँछ।

यसै परिप्रेक्ष्यमा राष्ट्रिय योजना आयोगको संयोजकत्वमा संघीय तथा प्रादेशिक तहका सम्बन्धित विषयगत मन्त्रालयहरू, स्थानीय तहहरूको प्रत्यक्ष संलग्नता र युनिसेफ नेपाल तथा यस क्षेत्रमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संघसंस्थाको संलग्नता र सहयोगमा प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८ तयार भएको छ। यस रणनीतिले वि.सं. २०८८ सम्ममा गर्भावस्थादेखि ८ वर्षसम्मका सबै बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गर्ने लक्ष्य लिएको छ।

नेपालको सन्दर्भमा गर्भावस्थादेखि ८ वर्ष सम्मका बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षण र अन्य सेवा सम्बन्धित विषयगत मन्त्रालयहरू शिक्षा, विज्ञान तथा प्रविधि, खानेपानी, महिला, बालबालिका तथा जेष्ठ नागरिक, सङ्घीय मामिला तथा सामान्य प्रशासन, कृषि तथा पशुपन्छी विकास, गृह, अर्थ र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयहरूबाट विभिन्न कार्यक्रमहरू मार्फत् प्रदान गरिँदै आएको छ। उक्त सेवाहरू प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकासम्म एकीकृत रूपमा पुर्याउन संघ, प्रदेश र स्थानीय तहका सबै निकायहरूबीच समन्वय, सहकार्य र साझेदारी अत्यन्त आवश्यक छ। प्रारम्भिक बालविकास रणनीतिको कार्यान्वयनमा सरकारी, निजी तथा गैरसरकारी संस्थाहरूको सक्रिय सहभागिता, सहयोग र प्रतिवद्धताको अपेक्षा गर्दछु।

अन्त्यमा, प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति विकास र स्वीकृतीको चरणमा प्रत्यक्ष र परोक्षरुपमा सहयोग गर्नुहुने पदाधिकारी तथा कर्मचारी, सम्बन्धित विषयगत मन्त्रालय एवम् सरकारी निकायहरू, युनिसेफ नेपाल, निजी तथा गैरसरकारी संघसंस्थाहरू एवम् विज्ञहरू सबैलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु। साथै, यस रणनीतिको सफल कार्यान्वयनका लागि निरन्तर सहयोग प्राप्त भइरहने विश्वास लिएको छु।

१५ पौष, २०७७

**डा. उषा झा**
सदस्य
राष्ट्रिय योजना आयोग

# मन्तव्य

सबै बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गरी सक्षम तथा दक्ष मानव स्रोतको विकास गरी वि.सं. २०८८ सम्ममा गर्भावस्थादेखि ८ वर्षसम्मका सबै बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गर्ने लक्ष प्राप्तीका लागि यो प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८ कार्यान्वयनमा ल्याउन लागिएको छ।

सन् २०१५ मा संयुक्त राष्ट्रसंघको नेतृत्वमा विश्वका विभिन्न राष्ट्रहरूले अनुमोदन गरी कार्यान्वयनमा ल्याएका दिगो विकासका अधिकांश लक्ष्यहरू प्रत्यक्ष रूपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेको सन्दर्भमा ती लक्ष्यहरू हासिल गर्न प्रारम्भिक बालविकासले महत्वपूर्ण भूमिका खेल्ने भएकाले प्रारम्भिक बालविकासको अवधारणा, परिभाषा र दूरदृष्टिबारे तीनै तहका सम्बद्ध निकायहरूबीच स्पष्ट एवं समान धारणा बनाउन यो रणनीति तयार गरिएको छ।

प्रस्तुत रणनीतिले बालबालिकाको सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि ८ वर्षसम्मका सबै बालबालिकालाई उमेर अनुसार लक्षित एवं गुणस्तरीय सेवा एकीकृत रुपमा प्रदान गर्न, एकीकृत प्रारम्भिक बालविकासका लागि कानूनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण गर्न, एकीकृत प्रारम्भिक बालविकासको प्रभावकारी सेवा पुऱ्याउन, दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित गर्न, बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्न र विशेष संरक्षण आवश्यकता भएका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि लक्षित रुपमा एकीकृत एवं गुणस्तरीय सेवाको पहुँच विस्तार गर्न तीनै तहका सरकारलाई मार्गनिर्देश गर्नेछ भन्ने विश्वास लिएको छु।

राष्ट्रिय योजना आयोगको संयोजन तथा विषयगत मन्त्रालयहरूको प्रत्यक्ष संलग्नता, प्रदेश एवं स्थानीय तहका सम्बद्ध निकायहरूसँगको अन्तर्क्रिया र युनिसेफ नेपाल एवं प्रारम्भिक बालविकाससँग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संघसंस्थाको सहयोगमा तयार भएको प्रस्तुत रणनीतिले प्रारम्भिक उमेरका बालबालिकाका लागि नेपालको संविधानले प्रत्याभूत गरेको अधिकार सुनिश्चित गर्दै संघ, प्रदेश र स्थानीय तहमा सो सम्बन्धी नीति, योजना र कार्यक्रम समन्वयात्मक ढङ्गबाट उपलब्ध आर्थिक तथा अन्य स्रोतहरूको अधिकतम परिचालन गर्दै सीमान्तकृत एवं पिछडिएका समुदायका बालबालिकालाई समेत गुणस्तरीय प्रारम्भिक बालविकास सेवामा पहुँच पुऱ्याउन मार्गनिर्देश गर्ने अपेक्षा छ।

अन्त्यमा, यो रणनीतिको सफल कार्यान्वयनका लागि सम्बद्ध पक्षहरूबाट निरन्तर सहयोगको दृढ अपेक्षा छ।

१५ पौष, २०७७

**केवल प्रसाद भण्डारी**
सचिव
राष्ट्रिय योजना आयोग

# विषयसूची


**परिच्छेद १ : पृष्ठभूमि तथा तर्जुमा प्रक्रिया** १

१.१ पृष्ठभूमि २

१.२ आवश्यकता तथा तर्जुमा प्रक्रिया ३

**परिच्छेद २ : प्रारम्भिक बालविकासको विद्यमान अवस्थाको विश्लेषण** ७

२.१ प्रारम्भिक बालविकास पहिलो रणनीति पत्र २०६१-२०७२ को मूल्याङ्कन ८

२.२ प्रारम्भिक बालविकासका चुनौती तथा अवसरहरू ९

**परिच्छेद ३ : रणनीतिका आधार र मान्यताहरू** १५

३.१ रणनीतिका आधारहरू १६

३.२ आधारभूत सेवाहरू १६

३.३ प्रारम्भिक बालविकास सम्बन्धी आधारभूत सेवाहरू १७

३.४ परिवर्तनको सिद्धान्त १९

**परिच्छेद ४ : रणनीति** २३

४.१ दूरदृष्टि २४

४.२ लक्ष्य २४

४.३ उद्देश्य २४

४.४ रणनीति २४

४.५ कार्यनीति २६

४.६ रणनीतिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ३४

**अनुसूची** ३६

अनुसूची १ : राष्ट्रिय प्रारम्भिक बालविकास निर्देशक समिति गठन तथा काम, कर्तव्य र अधिकार ३६

अनुसूची २ : प्रादेशिक प्रारम्भिक बालविकास समिति गठन तथा काम, कर्तव्य र अधिकार ३७

अनुसूची ३ : स्थानीय प्रारम्भिक बालविकास समिति गठन तथा काम, कर्तव्य र अधिकार ३८

अनुसूची ४ : वडास्तरीय प्रारम्भिक बालविकास समिति गठन तथा काम, कर्तव्य र अधिकार ३९

अनुसूची ५ : नतिजा सूचक र कार्यान्वयन ढाँचा ४०

अनुसूची ६ : प्रारम्भिक बालविकासका लागि संघीय तहमा विभिन्न मन्त्रालय/निकायहरूको जिम्मेवारी विभाजन (उमेर समूहका आधारमा) ४९

**सन्दर्भ सामग्री** ५१

# परिभाषा

**केन्द्रमा आधारित कार्यक्रमः** केन्द्रमा आधारित कार्यक्रम भन्नाले बालबालिकालाई घरभन्दा बाहिर बालविकास केन्द्र वा दिवा शिशु स्याहार केन्द्र वा पूर्वप्राथमिक विद्यालयमा दिइने शिक्षा, संस्कार, स्वास्थ्य, पोषण र सुरक्षासम्बन्धी सेवाहरू प्रदान गर्ने कार्यक्रमहरूलाई जनाउँदछ ।

**घरमा आधारित कार्यक्रमः** घरमा आधारित कार्यक्रम भन्नाले बालबालिकालाई घरमा नै वा घरपरिवारकै वातावरणमा राखेर आमाबुबा, अभिभावक, संरक्षक, परिवारका सदस्यहरू वा छिमेकीद्वारा बालबालिकाको उमेर अनुरुपको उचित स्याहारसुसार, सिकाइ र विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा एवं पूर्वसिकाइका अभ्यासहरू गराउने कार्यक्रमहरूलाई जनाउँदछ ।

**दिवा शिशु-स्याहार केन्द्रः** दिवा शिशु-स्याहार केन्द्र भन्नाले तीन वर्षभन्दा मुनिका बालबालिकालाई शिक्षक वा सहयोगी कार्यकर्ताद्वारा बालबालिकाको हेरचाह, सामाजिक अन्तरक्रिया र खेल आदि क्रियाकलापमा संलग्न गराइ उमेरअनुसारको सामाजिक व्यवहार र स्वावलम्वी हुने सीपहरू सिकाइने कार्यक्रमलाई जनाउँदछ ।

**प्रारम्भिक बालविकास उमेरः** प्रारम्भिक बालविकास उमेर भन्नाले गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई जनाउँदछ ।

प्रारम्भिक बालविकास कार्यक्रमः प्रारम्भिक बालविकास कार्यक्रम भन्नाले गर्भावस्थादेखि ८ वर्ष उमेरसम्मका बालबालिकाको विकासका लागि स्वास्थ्यकर्मी, शिक्षक, सहयोगी कार्यकर्ताहरू, अभिभावक, तथा बालबालिकालाई लक्षित गरिएको नीति तथा कार्यक्रमहरूलाई जनाउँदछ ।

**प्रारम्भिक बाल-शिक्षा तथा विकासः** प्रारम्भिक बाल-शिक्षा तथा विकास भन्नाले ५ वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक, नैतिक र साँस्कृतिक क्षमताहरूको विकास गर्न लक्षित कार्यक्रमलाई जनाउँदछ ।

**प्रारम्भिक बाल-स्याहार तथा शिक्षाः** प्रारम्भिक बाल-स्याहार तथा शिक्षा भन्नाले आमाबुबा तथा अभिभावकको उपस्थिति विना बालबालिकाको स्याहार र शिक्षा प्रदान गर्ने कार्यलाई समेत जनाउँदछ ।

**बाल कल्याण अधिकारीः** बालबालिका सम्बन्धि ऐन २०७५ को परिच्छेद ६, दफा ६१ मा उल्लेख भए अनुरुप बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा बाल संरक्षण गर्नका लागि व्यवस्था गरिएको व्यक्तिलाई जनाउँदछ ।

**बालबालिकाः** बालबालिका भन्नाले प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई जनाउँदछ ।

**बालविकास केन्द्रः** बालविकास केन्द्र भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगत ४ वर्ष उमेरका बालबालिका लागि आधारभूत शिक्षाको एक अंशको रुपमा सञ्चालित कार्यक्रमको स्थान वा केन्द्रलाई जनाउँदछ ।

**विशेष संरक्षण आवश्यकता भएका बालबालिकाः** बालबालिका ऐन २०७५ को परिच्छेद ५ दफा ४८ मा उल्लेख भए अनुसारका बालबालिकालाई जनाउँदछ ।

**विषयगत मन्त्रालयः** विषयगत मन्त्रालय भन्नाले प्रारम्भिक बालविकाससँग प्रत्यक्ष सम्बन्धित शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, खानेपानी मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, कृषि तथा पशुपंछी विकास मन्त्रालयहरूलाई जनाउँदछ ।

**सर्वाङ्गीण विकासः** सर्वाङ्गीण विकास भन्नाले बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक एवम् भाषिक पक्षको समुचित विकासलाई जनाउँदछ ।

**स्थानीय तहः** स्थानीय तह भन्नाले गाउँपालिका वा नगरपालिकालाई बुझाउँदछ। साथै, सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँदछ ।

**स्थानीय बाल अधिकार समिति** : बालबालिका सम्बन्धि ऐन २०७५ को परिच्छेद ६, दफा ६०(२) मा उल्लेख भए अनुरुपको समितिलाई जनाउँदछ ।

परिच्छेद

# १

# पृष्ठभूमि तथा तर्जुमा प्रक्रिया




©UNICEF Nepal/2015/KPanday

## १.१ पृष्ठभूमि

प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ८ वर्षसम्मका बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण र प्रारम्भिक सिकाइका अवसरहरू प्रदान गर्नु हो । नेपालको संविधान, राष्ट्रिय कानून तथा संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ अनुसार सबै बालबालिकालाई प्रारम्भिक बालविकाससम्बन्धी सबै सेवाहरू सहजताका साथ उपलब्ध गराई उनीहरूको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध छ ।

स्नायु विज्ञानसम्बन्धी भएको विभिन्न अनुसन्धान अनुसार जीवनको सुरुवाती वर्षमा मस्तिष्कको विकास सबैभन्दा तीव्र गतिमा हुने भएकोले बालबालिकाको वृद्धि र विकासको लागि प्रारम्भिक बाल्यावस्था अति नै महत्वपूर्ण रहेको हुन्छ । युनिसेफ (२०१६) ले प्रकाशित गरेको प्रतिवेदन अनुसार तीन वर्षको उमेरमा एउटा शिशुको मस्तिष्क वयस्कको मस्तिष्कभन्दा दुई गुणा बढी क्रियाशील हुन्छ भने न्यूरोनहरूले ७०० देखि १००० प्रति सेकेन्डका दरमा नयाँ सम्पर्क स्थापित गरिरहेका हुन्छन् । यसले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य, उनीहरूको जीवनभरिको सिकाइ र परिवर्तन अनुकूल हुने क्षमताका साथै मनोवैज्ञानिक प्रतिरोध क्षमता निर्धारण गर्दछ ।

हेकम्यान (२०००) को अध्ययन अनुसार पोषिलो खाना, शारीरिक स्वस्थता र शारीरिक व्यायाम प्रारम्भिक बालविकास उमेरमा उनीहरूको मस्तिष्क विकासका लागि अति आवश्यक कुराहरू हुन्छ । यस उमेरमा पाउने सकारात्मक वातावरणले उनीहरूको स्वास्थ्य, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा वृद्धि भइ बालबालिकाको समग्र विकासका लागि आवश्यक अवसरहरू प्राप्त भैरहेका हुन्छन् । तसर्थ प्रारम्भिक उमेरमा बालबालिकाको समग्र विकासका लागि लगानी गरिएमा त्यसको प्रतिफल धेरै गुणा बढी आउने कुरा विभिन्न अध्ययन तथा अनुसन्धानबाट पुष्टि भइसकेको छ । त्यस्तै अन्य अध्ययनहरूले सामाजिक असमानता जीवनको सुरुवाती दिनहरूबाट सुरू हुने देखाएका छन् भने प्रारम्भिक बालविकास कार्यक्रमले समाजमा रहेको विभेदहरूमा कमी ल्याउन प्रत्यक्ष सहयोग पुर्याएको समेत पुष्टि गरेका छन् । यसबाट प्रारम्भिक बालविकास उमेर (गर्भावस्थादेखि ८ वर्षसम्म) का विशेष गरी विषम परिस्थितिमा रहेका तथा विशेष संरक्षण आवश्यकता भएका बालबालिकाका लागि रेखदेख, राम्रो स्वास्थ्य, पोषण र प्रोत्साहनको महत्वलाई उजागर गर्दछ ।

बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षण र अन्य सेवाहरू सम्बन्धित विषयगत मन्त्रालयहरूस शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयहरूबाट विभिन्न कार्यक्रमहरू मार्फत् प्रदान गरिँदै आएका छन् । बालबालिकाको लागि आवश्यक शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू अन्तरमन्त्रालय समन्वयको अभावमा एकीकृत रूपमा सञ्चालन नहुँदा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाको अपेक्षित रुपमा सर्वाङ्गीण विकास हुन सकेको छैन ।



नेपालको वर्तमान परिवर्तित सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहका साथै प्रारम्भिक बालविकासको क्षेत्रमा कार्यरत विभिन्न सामाजिक संघसंस्था र निजी क्षेत्रको समेत संलग्नतामा एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमको आवश्यकतालाई ध्यानमा राखी राष्ट्रिय योजना आयोगको संयोजनमा गर्भावस्थादेखि ८ वर्ष सम्मका सम्पूर्ण बालबालिकाको सर्वाङ्गीण विकास गर्ने लक्ष्यका साथ यो प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८ तर्जुमा भएको छ ।

यस रणनीतिले आगामी दिनहरूमा प्रारम्भिक बालविकास कार्यक्रमहरू एकीकृतरुपमा सञ्चालन गरी प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास गर्ने लक्ष्य लिएको छ । रणनीतिले नेपाल सरकारका विद्यमान नीति र कानूनहरूलाई मुख्य आधार मानेर आवश्यक रणनीतिहरू प्रस्ताव गरेको छ । प्रस्तावित रणनीतिहरूको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहका सरकार तथा सरोकारवालाहरू सबैले बालबालिकाको सर्वाङ्गीण विकासको लक्ष्यलाई ध्यानमा राखी आवश्यक स्रोतसाधनहरूको अधिकतम उपयोग गरी आवश्यकता अनुसार कार्ययोजनाहरू तर्जुमा गर्नु आवश्यक छ ।

## १.२ आवश्यकता तथा तर्जुमा प्रक्रिया

नेपालको संविधानले प्रारम्भिक बालविकासलाई बालबालिकाको मौलिक हकको रूपमा स्थापित गरेको छ । यस परिप्रेक्ष्यमा प्रारम्भिक उमेरका बालबालिकाका लागि नेपालको संविधानले प्रत्याभूत गरेको अधिकार सुनिश्चित गर्न तथा संघ, प्रदेश र स्थानीय तहमा नीति, योजना र कार्यक्रमहरू तर्जुमाका लागि मार्गनिर्देश गर्न यो रणनीतिको आवश्यकता रहेको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्रसंघको नेतृत्वमा विश्वका विभिन्न राष्ट्रहरूले अनुमोदन गरी कार्यान्वयनमा ल्याइएका दिगो विकासका १७ ओटा लक्ष्यहरू मध्ये ११ ओटा लक्ष्यहरू प्रत्यक्ष रूपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेका छन् । अत: दिगो विकासका अधिकांश लक्ष्यहरू हासिल गर्न प्रारम्भिक बालविकासले महत्वपूर्ण भूमिका खेल्ने हुनाले प्रारम्भिक बालविकासको अवधारणा, परिभाषा र दूरदृष्टिबारे तीनै तहका सम्बद्ध निकायहरूबीच स्पष्ट एवं समान धारणा बनाउन यो रणनीति तयार गरिएको छ ।

> **“नेपालको संविधानले प्रारम्भिक बालविकासलाई बालबालिकाको मौलिक हकको रूपमा स्थापित गरेको छ । यस परिप्रेक्ष्यमा प्रारम्भिक उमेरका बालबालिकाका लागि नेपालको संविधानले प्रत्याभूत गरेको अधिकार सुनिश्चित गर्न तथा संघ, प्रदेश र स्थानीय तहमा नीति, योजना र कार्यक्रमहरू तर्जुमाका लागि मार्गनिर्देश गर्न यो रणनीतिको आवश्यकता रहेको छ ।**

हाल प्रारम्भिक बालविकासको क्षेत्रमा विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरूको संलग्नता रहेको पाइन्छ । यस परिप्रेक्ष्यमा विभिन्न निकाय तथा संघसंस्थाहरूका कार्यक्रममा समन्वय स्थापित गरी उपलब्ध आर्थिक तथा अन्य स्रोतहरूको अधिकतम परिचालन गर्दै सीमान्तकृत एवं पिछडिएका समुदायका बालबालिकालाई समेत गुणस्तरीय प्रारम्भिक बालविकास सेवामा पहुँच पुर्याउन यो रणनीति तर्जुमा गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ खण्ड (ज) अनुसार स्थानीय तहले प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले सो को सहजीकरणका लागि समेत यस्तो रणनीति आवश्यक छ ।

चित्र नं. १




रणनीतिको तर्जुमाका लागि राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा प्रारम्भिक बालविकाससँग सम्बन्धित शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, कृषि तथा पशुपंछी विकास मन्त्रालयका सचिवहरू सदस्य रहेको निर्देशक समितिको गठन भएको थियो । यस समितिको निर्णय अनुसार राष्ट्रिय योजना आयोगको संयोजन तथा विषयगत मन्त्रालयहरूको प्रत्यक्ष संलग्नतामा युनिसेफ नेपाल र प्रारम्भिक बालविकाससँग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संघसंस्थाको सहयोगमा यो रणनीति तयार भएको छ ।

प्रारम्भिक बालविकासको रणनीति तर्जुमाको क्रममा विभिन्न चरणमा औपचारिक, अनौपचारिक छलफल, विचार, विमर्श तथा परामर्श गरिएको थियो । सुरुमा संघ, प्रदेश र स्थानीय तहमा परामर्श कार्यक्रमहरू सञ्चालन गर्न परामर्शको खाका तयार गरिएको थियो । यस खाकामा प्रारम्भिक बालविकासले समेट्नुपर्ने विषयवस्तुहरू (१. राम्रो स्वास्थ्य, २. उचित पोषण, ३. उचित स्याहार तथा हेरचाह, ४. सुरक्षा तथा संरक्षण, ५. प्रारम्भिक सिकाइका अवसर ६. एकीकृत सेवा) र प्रारम्भिक बालविकासको उमेर समूहहरू (१. गर्भावस्था, २. जन्मदेखि २४ महिना, ३. २४ देखि ३६ महिना, ४. ३६ देखि ६० महिना र ५. ६० देखि ९६ महिना) लाई समुचित ढंगले समावेश गर्नका लागि आवश्यक विधि तयार गरिएको थियो । उचित स्याहारको ढाँचा (Nurturing Care Framework) लाई अवलम्बन गरी चित्र नं. १ मा प्रस्तुत गरिए अनुसारको ढाँचामा परामर्श कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।





**प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति तर्जुमाको सन्दर्भमा संघ, ७ वटै प्रदेश र १६ वटा पालिकाहरूमा परामर्श कार्यक्रमहरू सञ्चालन गरिएको थियो । संघ, प्रदेश र पालिकाहरूमा परामर्श कार्यक्रमहरू सञ्चालन गर्नु पूर्व परामर्श कार्यक्रममा संलग्न हुने व्यक्तिहरूलाई परामर्श कार्यक्रम सञ्चालन गर्ने विधि, परामर्शका बेलामा सोध्ने प्रश्नावलीहरू, सहभागी छनौट प्रक्रिया र परामर्श पश्चात तयार पार्नुपर्ने प्रतिवेदनको ढाँचाबारे विस्तृत छलफल एवं जानकारी गराइएको थियो ।**

प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति तर्जुमाको सन्दर्भमा संघ, ७ वटै प्रदेश र १६ वटा पालिकाहरूमा परामर्श कार्यक्रमहरू सञ्चालन गरिएको थियो । संघ, प्रदेश र पालिकाहरूमा परामर्श कार्यक्रमहरू सञ्चालन गर्नु पूर्व परामर्श कार्यक्रममा संलग्न हुने व्यक्तिहरूलाई परामर्श कार्यक्रम सञ्चालन गर्ने विधि, परामर्शका बेलामा सोध्ने प्रश्नावलीहरू, सहभागी छनौट प्रक्रिया र परामर्श पश्चात तयार पार्नुपर्ने प्रतिवेदनको ढाँचाबारे विस्तृत छलफल एवं जानकारी गराइएको थियो ।

परामर्श कार्यक्रममा पालिकाहरूका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरू, समुदायमा महिला तथा बालबालिकासँग प्रत्यक्ष कार्य गर्ने बालविकास केन्द्रका सहजकर्ताहरू, स्वास्थ्य स्वयंसेविकाहरू, बाल संरक्षण संस्थाका प्रतिनिधिहरू, बालविकास केन्द्र व्यवस्थापन समिति र विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरूको सहभागिता थियो । साथै विपन्न तथा पिछडिएका समुदायबाट, दलित, अपाङ्गता भएका र अति विपन्न तथा जोखिममा रहेका परिवारका व्यक्तिहरूको सहभागिता गराइएको थियो ।

प्रदेश तहमा सञ्चालित परामर्श कार्यक्रमहरूमा प्रदेश तहका निर्वाचित प्रतिनिधिहरू, सामाजिक विकास मन्त्रालयका पदाधिकारीहरू, प्रादेशिक तहका कर्मचारी, प्रादेशिक योजनारनीति आयोगका प्रतिनिधिहरू, बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्थाका प्रतिनिधिहरू, निजी विद्यालयका प्रतिनिधिहरूको सहभागिता थियो ।

संघीय तहमा (१) स्वास्थ्य, पोषण, खानेपानी र सरसफाइ (२) सुरक्षा र संरक्षण (३) प्रारम्भिक सिकाइ तथा विकासका अवसर (४) एकीकृत प्रारम्भिक बालविकास विषय गरी ४ वटा विषयगत परामर्श कार्यक्रमहरू सञ्चालन गरिएको थियो । यी कार्यक्रमहरूमा राष्ट्रिय योजना आयोगका पदाधिकारीहरू, विषयगत मन्त्रालयका प्रतिनिधिहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका विशेषज्ञहरूको सहभागिता रहेको थियो । एकीकृत रुपमा पाँचौ परामर्श कार्यक्रम अनुगमन, मूल्याङ्कन र बजेट सम्बन्धमा सञ्चालन गरिएको थियो ।

प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८ को निर्माण गर्दा तीन वटा मुख्य स्रोतहरूलाई आधार मानिएको छ । यसका लागि विश्वव्यापीरूपमा अवलम्बन गरिएका प्रारम्भिक बालविकासको परिभाषा, सैद्धान्तिक तथा व्यवहारिक पक्षहरूको विश्लेषण तथा नेपालमा हाल लागू भएका नीति, ऐन, कानून र योजनाहरूको अध्ययन गरिएको थियो । साथै पालिका, प्रदेश र संघीय तहमा सञ्चालन गरिएका परामर्श कार्यक्रमहरूबाट प्राप्त भएका राय, सुझाव र विचारहरूको विश्लेषण गरी रणनीति तर्जुमा गरिएको छ ।

परिच्छेद

# २

# प्रारम्भिक बालविकासको विद्यमान अवस्थाको विश्लेषण



©UNICEF Nepal/2015/KPanday

## २.१ प्रारम्भिक बालविकास पहिलो रणनीति पत्र २०६१-२०७२ को मूल्याङ्कन

नेपालमा प्रारम्भिक बालविकाससम्बन्धी पहिलो रणनीति पत्र शिक्षा मन्त्रालयको नेतृत्वमा वि.स. २०६१ देखि २०७२ सम्म कार्यान्वयनमा थियो। यस रणनीति पत्रमा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई स्वास्थ्य, पोषण, सुरक्षा र बालशिक्षासम्बन्धी सबै सेवाहरू एकीकृतरूपमा उपलब्ध गराई उनीहरूको सर्वाङ्गीण विकास गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। यसका लागि बालबालिकासँग सम्बन्धित सबै सेवा प्रदायकहरूका बीचमा आपसी स्रोतसाधनहरूको परिचालन गर्न समन्वय हुनुपर्ने, कार्यक्रमको दिगोपनाका लागि सम्बद्ध गैरसरकारी संस्था, समुदायमा आधारित संस्थाहरू र स्थानीय सरोकारवालाहरूका बीचमा सहकार्य हुनुपर्ने, स्थानीय तहमा नै आवश्यक स्रोत परिचालन गर्नुपर्ने, केन्द्रीय तहमा सम्बन्धित सबै मन्त्रालयहरू र अन्य संस्थाहरूबाट सहयोग प्राप्त हुनुपर्ने, कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन मूल्याङ्कन गर्न समुदायको संलग्नता हुनुपर्ने, बालबालिकाको विकासमा अभिभावक तथा परिवारको भूमिका महत्वपूर्ण हुनुपर्ने कुरामा जोड दिइएको छ। यसका अतिरिक्त स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरूको गुणस्तर र एकरूपता कायम गर्न केन्द्रीय तहबाट पाठ्यक्रम, स्रोत सामग्री र पाठ्यक्रम दिग्दर्शनको निर्माण गरिने कुरा उल्लेख छ। रणनीतिमा प्रारम्भिक बालविकासका लागि गुणस्तरीय भौतिक पूर्वाधारहरू हुनुपर्ने कुरा उल्लेख गर्दै निजी क्षेत्रलाई पनि प्रारम्भिक बालविकासमा आवश्यक लगानी गर्न प्रोत्साहन गरेको छ।

यसै सन्दर्भमा राष्ट्रिय योजना आयोगले वि.सं. २०७४ मा प्रारम्भिक बालविकाससम्बन्धी रणनीतिको मूल्याङ्कन गरी यसमा समाविष्ट प्रावधानहरू के कति कार्यान्वयन हुन सके वा सकेनन् भन्ने कुराहरूको विश्लेषण मार्फत् प्रस्तावित रणनीतिको लागि आवश्यक पृष्ठपोषण प्रदान गरेको छ। यस मूल्याङ्कनले पहिलो प्रारम्भिक बालविकास रणनीतिको अवधिमा सामान्यतया प्रारम्भिक बालविकासका सेवाहरूको पहुँचमा वृद्धि भएको तर भौगोलिक तथा पारिवारिक पृष्ठभूमिको आधारमा प्रारम्भिक बालविकासको सेवाको पहुँच र गुणस्तरमा विविधता रहेको देखाएको छ। साथै, रणनीतिपत्रमा उल्लेख भए अनुसार प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै सेवाहरू उपलब्ध हुन नसकेको कुरा उल्लेख छ। प्रारम्भिक बालविकासका लागि एकीकृत कार्यक्रम लागू हुनुपर्ने भनी रणनीतिपत्रमा उल्लेख भए तापनि सम्बन्धित मन्त्रालयहरूबाट दिइने प्रारम्भिक बालविकासका सेवाहरू एकीकृत रूपमा सञ्चालन हुन नसकेको तथा प्रारम्भिक बालविकासको रणनीति भनेता पनि वास्तवमा पहिलो रणनीति प्रारम्भिक बालशिक्षाको रणनीतिमा सीमित रहेको पाइएको छ।

हालसम्म पनि प्रारम्भिक बालविकास केन्द्रसँग सम्बन्धित विभिन्न सेवाहरू जस्तै शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा र सरसफाइका कार्यक्रमहरू विभिन्न मन्त्रालय अन्तर्गत विषयगत रूपमै अलग अलग ढङ्गबाट सञ्चालन भएको पाइन्छ। यस मूल्याङ्कनले प्रस्तावित रणनीति तर्जुमा तथा कार्यान्वयनमा अपनत्व ग्रहण गराउन सम्बन्धित सबै विषयगत मन्त्रालयहरूको सुरुवाती चरण देखि नै संलग्नता हुनुपर्ने सुझावहरू दिएको छ।





## २.२ प्रारम्भिक बालविकासका चुनौती तथा अवसरहरू

गर्भावस्थादेखि ८ वर्ष उमेरका सबै बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक र भाषिक विकासका लागि एकीकृत प्रारम्भिक बालविकासको अवसर प्रदान गर्नमा चुनौतीहरू रहेका छन्। तथापी संविधान तथा विद्यमान कानूनले प्रारम्भिक बालविकासलाई महत्व दिनुका साथै तीन दशकदेखि प्रारम्भिक बालविकास सेवाको पहुँच र यसको गुणस्तर वृद्धिका लागि विभिन्न नीति, योजना र कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

### २.२.१ चुनौती

नेपालमा प्रारम्भिक बालविकासका सेवाहरूमा सुधार हुँदै गएको पाइन्छ। जसमा प्रारम्भिक बालविकास लक्षित नीति, रणनीति तथा कार्यक्रमहरूको योगदान रहेको भएता पनि भौगोलिक विकटता, आर्थिक र सामाजिक सम्पन्नताका हिसाबले पछाडि परेका विभिन्न समूहका बालबालिकासम्म गुणस्तरीय सेवाको पहुँच पुर्याउन चुनौतीहरू रहेका छन्। सबै बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै प्रकारका सेवाहरू एकीकृत रूपमा सुनिश्चित नहुनु, बालबालिकाले पाउने सेवाहरूमा एकरूपता र गुणस्तरमा अपेक्षित उपलब्धि हासिल नहुनु लगायतका तल उल्लेख भए बमोजिमका चुनौतीहरू रहेका छन्।

**"नेपालमा प्रारम्भिक बालविकाससम्बन्धी पहिलो रणनीति पत्र शिक्षा मन्त्रालयको नेतृत्वमा वि.स. २०६१ देखि २०७२ सम्म कार्यान्वयनमा थियो। यस रणनीति पत्रमा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई स्वास्थ्य, पोषण, सुरक्षा र बालशिक्षासम्बन्धी सबै सेवाहरू एकीकृतरूपमा उपलब्ध गराई उनीहरूको सर्वाङ्गीण विकास गर्नुपर्ने कुरा उल्लेख गरिएको छ।**

#### (क) नीति तथा कानूनको व्यवस्था

नेपालमा प्रारम्भिक बालविकासका सन्दर्भमा महत्वपूर्ण संवैधानिक तथा नीतिगत व्यवस्थाहरू रहेका र तिनले प्रारम्भिक बालविकास उमेरका बालबालिकाको समुचित विकासलाई प्राथमिकता दिएका छन्। यद्यपि हाल भएका ऐन, कानूनका व्यवस्थाहरू गुणस्तरीय एकीकृत प्रारम्भिक बालविकासका कार्यक्रम सञ्चालन गर्न पर्याप्त छैनन्।

#### (ख) गुणस्तरीय सेवाको पहुँच

प्रारम्भिक बालविकासको उद्देश्य सबै बालबालिकालाई सर्वाङ्गीण विकासको अवसर प्रदान गर्नु हो। लिङ्ग, भूगोल, जातियता, अपाङ्गता वा आर्थिक हैसियत जस्ता कुनै पनि कारणले बालबालिकाले पाउने प्रारम्भिक बालविकासका लागि आवश्यक सेवाहरू प्रभावित हुनुहुँदैन। तथापि प्रारम्भिक बालविकासको कार्यक्रमको नाममा मुख्यत: बालविकास केन्द्रहरू सञ्चालन भैरहेका छन् भने प्रारम्भिक उमेरका सबै बालबालिकाको लागि आवश्यक स्वास्थ्य, खोप, पोषण, सरसफाइ तथा शुद्ध पिउने पानी आदिको अवस्था पहिचान गरी सबै सेवाहरू एकीकृत रूपमा सुनिश्चित गर्न सकिएको छैन।

**(ग) बालबालिका, अपाङ्ग र लैङ्गिकमैत्री पूर्वाधार**

प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासको अवसर सुनिश्चित गर्न पर्याप्त पूर्वाधारको आवश्यकता पर्दछ । गर्भावस्थाको परीक्षणदेखि सुरक्षित जन्म गराउन सुविधा सम्पन्न प्रसूति केन्द्र तथा बालबालिकाको लागि सुरक्षित स्याहार तथा विकास केन्द्रहरू सञ्चालन गरिनुपर्दछ । तर हाल सञ्चालनमा रहेका बालबालिका तथा गर्भवती महिलाका लागि सेवा प्रदान गर्ने संस्थाहरूमा बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, सुरक्षित तथा पर्याप्त पूर्वाधारहरू छैनन् । साथै यी वर्गका लागि सेवा प्रवाह गर्ने सबै संघसंस्था र निकायहरूबाट प्रवाह हुने सेवाको मापदण्ड तयार गरिएको छैन ।

**(घ) प्रभावकारी समन्वय र सहकार्य**

प्रारम्भिक बालविकास कार्यक्रम आफैंमा बहुपक्षीय कार्यक्रम हो । तसर्थ, एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमका लागि बहुपक्षीय समन्वय र सहकार्य अपरिहार्य हुन्छ । बालविकास केन्द्र तथा प्राथमिक विद्यालयमा जाने बालबालिकाको स्वास्थ्य परीक्षण तथा पोषणको व्यवस्थापनमा सम्बन्धित विषयगत निकायहरूबीच समन्वय हुन सकेको छैन भने विद्यालयमा नै यस्तो सेवाको सुनिश्चितता गर्न सकिएको छैन ।

**(ङ) गर्भवती महिला र बालबालिका केन्द्रित विपद् व्यवस्थापन नीति**

कुनै पनि आपत, विपद् वा प्रकोपमा जहिले पनि बालबालिका र गर्भवती महिलाहरू नै बढी जोखिममा पर्ने गरेका छन् । नेपालमा विपद् पूर्वतयारी तथा व्यवस्थापन योजना सुरू गरिएको भएतापनि समग्र बालबालिका तथा महिलाको सुरक्षा र संरक्षणका विषयलाई सम्बोधन गर्न सकिएको छैन । साथै जोखिममा परेका बालबालिकाको लागि आश्रयस्थल, बालगृह तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाका लागि आपतकालीन गुणस्तरीय सेवाको अभाव छ ।

**(च) संस्थागत र संरचनागत संयन्त्र निर्माण तथा व्यवस्थापन**

प्रारम्भिक बालविकास कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी रूपमा सञ्चालन गर्न संस्थागत तथा संरचनागत संयन्त्र निर्माण तथा व्यवस्थापन आवश्यक छ । यसका लागि विभिन्न संस्था, निकायबाट कार्यक्रम सञ्चालन गरिएको भएतापनि यस्ता कार्यक्रमको गुणस्तरीयता, एकरूपता तथा दिगो व्यवस्थापन गर्ने कुनै एउटा निश्चित निकाय छैन ।

**(छ) स्रोतको पर्याप्तता तथा प्रभावकारी व्यवस्थापन**

गुणस्तरीय प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनका लागि दिगो आर्थिक स्रोतको महत्वपूर्ण स्थान भएतापनि यसको लागि पर्याप्त आर्थिक लगानी हुन सकेको छैन । हाल बालविकास कार्यक्रममा विषयगत मन्त्रालय मार्फत् गरिएको सीमित लगानीमा पनि एकरूपता र सो अनुसारको प्रतिफल प्राप्त हुनसकेको छैन ।

प्रारम्भिक बालविकासको सेवा प्रदान गर्ने अभिभावक तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गर्भवती महिला र बालबालिकासँग काम गर्ने मानव स्रोतमा बालविकास र बाल आवश्यकतासम्बन्धी पर्याप्त ज्ञान हुनुपर्दछ । हाल गर्भवती महिला र बालबालिकासँग कार्यरत मानव स्रोत पर्याप्त छैनन् र जो कार्यरत छन् उनीहरूमा पनि पर्याप्त ज्ञान, सीप, क्षमता र दक्षता भएको पाइँदैन ।

**(ज) अध्ययन, अनुसन्धान र प्रकाशन**

प्रारम्भिक बालविकासको क्षेत्रमा सञ्चालित कार्यक्रमहरूलाई समयसापेक्ष सुधार गर्न तथा नयाँ कार्यक्रम तथा पद्धतिहरूको निर्माण गर्न पनि अध्ययन अनुसन्धान महत्वपूर्ण हुन्छ । यस क्षेत्रमा अध्ययन, अनुसन्धान र प्रकाशन असाध्यै न्यून रहेको छ । नेपालमा पुस्तौंदेखि रहिआएको प्रारम्भिक बालविकाससम्बन्धी परम्परागत ज्ञान, सीप र सकारात्मक क्रियाकलापहरूलाई निरन्तरता दिने अभ्यासको अभिलेखीकरण तथा सो बारेमा अध्ययन तथा प्रकाशन भएका छैनन् । साथै, संसारका विभिन्न देशमा गरिएका नयाँ ज्ञानका अभ्यासहरूको प्रयोगमा पनि पर्याप्त अध्ययन अनुसन्धान भएका छैनन् ।

**(झ) तथ्याङ्क सङ्कलन तथा अद्यावधिकीकरण**

गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाले प्राप्त गर्ने सेवाको सूचना तथा तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्दै बालबालिकासम्बन्धी तथ्याङ्क (डाटाबेस) तयार गरी अनिवार्य प्रयोगमा ल्याउनु जरूरी छ । हाल नेपालमा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सङ्ख्या, उनीहरूका लागि सञ्चालित कार्यक्रमहरू तथा उनीहरूले पाउने सेवा तथा कार्यक्रमको विस्तृत जानकारी एकै स्थानबाट उपलब्ध छैन । फलतः सेवाको विस्तारमा, गुणस्तर अभिवृद्धिमा तथा अनुगमनमा समेत समस्या रहेको छ ।

### २.२.२ अवसर

नेपालमा विगत तीन दशकदेखि प्रारम्भिक बालविकासका सेवाहरू क्रमिक रूपमा विस्तार हुँदै आइरहेका छन् । हाल नेपालमा विभिन्न नामबाट प्रारम्भिक बालविकासका कार्यक्रमहरू सञ्चालित भएको पाइन्छ । सुनौला हजार दिन, बहुक्षेत्रीय पोषण कार्यक्रम, अभिभावक शिक्षा, दिवा शिशु स्याहार केन्द्र, शिशु स्याहार केन्द्र, नर्सरी विद्यालय, किण्डरगार्टेन विद्यालय, विद्यालय तथा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र र पूर्व प्राथमिक कक्षा आदि नामबाट विभिन्न कार्यक्रमहरू, विभिन्न सरकारी निकाय, गैरसरकारी सघंसंस्थाहरू र निजी क्षेत्रको संलग्नतामा सञ्चालन हुँदै आएका छन् । यी कार्यक्रमहरूका अतिरिक्त बालबालिकाको स्वास्थ्य, पोषण र सुरक्षासम्बन्धी अन्य सेवाहरू समेत सम्बन्धित मन्त्रालयहरूबाट प्रदान गरिदै आएका छन् । प्रारम्भिक बालबिकास उमेरका बालबालिकामा गरिएको अध्ययन तथा छलफलबाट प्राप्त सुझावहरू समेतको आधारमा निम्नानुसारका अवसरहरू पहिचान गरिएका छन् ।

**(क) संवैधानिक व्यवस्था**

नेपालको संविधानले प्रारम्भिक बालविकास र सहभागिताको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ । त्यसैगरी संविधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हकको प्रत्याभूत गरेको छ । संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हक र धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकबारे उल्लेख गरिएका

> **"बालबालिकाको सुरक्षा र संरक्षणका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यस अन्तर्गत बालबालिकासम्बन्धी ऐन, २०७५ लागू गरिएको, अभिभावकविहिन बालबालिकाका लागि आवासीय बालगृहको व्यवस्था गरेको र यसका लागि आवश्यक मापदण्डसहितको निर्देशिका तर्जुमा गरी लागू गरिएको छ ।**

छन् । स्वास्थ्यसम्बन्धी हकअन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र कोही पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित हुन नपर्ने प्रावधान रहेको छ । प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हकका साथै प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच तथा स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक प्रदान गरिएको छ । त्यस्तै, संविधानको धारा ३९ को उपधारा २ मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने कुरा उल्लेख गरिएको छ भने उपधारा ३ मा प्रत्येक बालबालिकाको प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक सुनिश्चित गरिएको छ ।

**(ख) कानूनी तथा नीतिगत व्यवस्था**

नेपालमा कानूनी तहमा प्रारम्भिक बालविकाससम्बन्धी महत्वपूर्ण प्रावधानहरू समेटिएका छन् । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५ मा प्रारम्भिक बालविकाससम्बन्धी कानूनी प्रावधान रहेका छन् ।

पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय क्षेत्र विकास योजना (२०७३(२०८०), बहुक्षेत्रीय पोषण योजना, दोस्रो (२०७५र७६(२०७९र८०) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी प्रावधानहरू समेटिएका छन् ।

**(ग) कार्यक्रमगत व्यवस्था**

नेपालमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत गर्भवती महिला, नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य स्थितिमा आवश्यक सुधार ल्याउन स्वास्थ्य तथा पोषणसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन भईरहेका छन् । यस अन्तर्गत सञ्चालित खोप कार्यक्रमहरूमार्फत् बालबालिकालाई रोगहरूबाट बचाउन सकिएको छ भने पोलियो जस्ता महामारी रोगलाई पूर्णतः उन्मुलन गरिएको छ । गर्भावस्थाका महिलाहरूको चौथौं, छैठौं, आठौं र नवौं महिनामा गरी चार पटक गर्भवतीको स्वास्थ्यको जाँच, रक्तअल्पताबाट जोगाउन आइरन, फोलिक एसिडको वितरण, शिशुको सुरक्षित जन्मको लागि स्वास्थ्य संस्थामा सुत्केरी गराउने सुविधा तथा प्रोत्साहन भत्ताको व्यवस्था र शिशुको जन्मपछिको अवस्थामा स्वास्थ्य जाँचमा प्रोत्साहनको व्यवस्था गरेको तथा कतिपय स्थानीय तहहरूमा लैङ्गिक हिंसामा कमी ल्याउनका लागि छोरी जन्मिदा प्रोत्साहन भत्ता दिने गरिएको छ । यी विभिन्न कार्यक्रमले गर्दा सुरक्षित प्रसूति गर्ने अभ्यासमा वृद्धि भएको छ । स्वास्थ्य संस्थामा सुत्केरी गराउनेहरूको सङ्ख्यामा वृद्धि (आ. व. २०६७/६८ मा ९५ बाट आ. व. २०७५/७६ मा ५७५) भएको छ । यस अवधिमा पाँच वर्षमुनिका बालबालिकाको बालमृत्युदरमा पनि केही कमी ल्याउन सकिएको छ । हाल नेपालमा प्रति हजार जिवित





जन्ममा २१ नवजात शिशुको मृत्यु हुन्छ । त्यसैगरी पाँच वर्षभन्दा मुनिका बालबालिकाको मृत्युदर प्रति हजार ३९ रहेको छ । यस सम्बन्धमा प्रदेशहरूका बीचमा भने ठूलो अन्तर रहेको पाइन्छ । सुदुरपश्चिम प्रदेशमा प्रति हजार जिवित जन्ममा ४१ नवजात शिशुको मृत्यु हुन्छ भने पाँच वर्षभन्दा मुनिका बालबालिकाको प्रति हजारमा ६९ बालबालिकाको मृत्यु हुन्छ । तर गण्डकी प्रदेशमा भने नवजात शिशुको मृत्यु दर प्रति हजार १५ र पाँच वर्षभन्दा मुनिका बालबालिकाको मृत्यु दर २७ रहेको छ ।

बालबालिकाको सुरक्षा र संरक्षणका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यस अन्तर्गत बालबालिकासम्बन्धी ऐन, २०७५ लागू गरिएको, अभिभावकविहिन बालबालिकाका लागि आवासीय बालगृहको व्यवस्था गरेको र यसका लागि आवश्यक मापदण्डसहितको निर्देशिका तर्जुमा गरी लागू गरिएको छ । यसै गरी बालबालिकाको जन्मदर्ता र प्रोत्साहन भत्ताले पनि बालबालिकाको संरक्षणमा सघाउ पुगेको छ । जोखिम परिस्थितिमा रहेका बालबालिकाको उद्धारका लागि १२ वटा जिल्लामा बाल हेल्पलाइन १०९८ को सञ्चालन गर्नुका साथै अल्पकालीन आश्रयस्थलहरू सञ्चालन गरिएका छन् । त्यस्तै, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद (तत्कालीन केन्द्रीय बालकल्याण समिति) र नेपाल प्रहरीको संयुक्त पहलमा बालबालिका खोजतलास तथा समन्वय केन्द्र (निःशुल्क हेल्पलाइन फोन नं. १०४) सबै ७७ जिल्लामा सञ्चालित छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत हाल देशमा ३६,५६८ बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । आ.व. २०७५/७६ को शिक्षा विभागको तथ्यांक अनुसार तीमध्ये शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत् सामुदायिक विद्यालयमा आधारित र समुदायमा आधारित गरी ३०,४४८ वटा बालविकास केन्द्रहरू छन् भने संस्थागत विद्यालयमा नर्सरी, किण्डरगार्टेन र पूर्व प्राथमिक विद्यालय आदि नामबाट ६,१२० वटा बालविकास केन्द्रहरू सञ्चालित छन् । यसैगरी निजी क्षेत्रबाट स्थानीय तहसँग अनुमति लिएर समेत पूर्व प्राथमिक कक्षाहरू सञ्चालित छन् । शिक्षा ऐन, २०२८ को आठौं संशोधन अनुरूप विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा आधारित र समुदायमा आधारित बालविकास केन्द्रहरूको सञ्चालनका लागि संघीय सरकार अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्थानीय तहमार्फत आर्थिक अनुदान उपलब्ध गराउँदै आइरहेको छ । यी बालविकास केन्द्रहरू बालबालिकाको समग्र विकास भन्दा पनि कक्षा १ मा भर्ना हुनका लागि पूर्वतयारीका रूपमा सञ्चालन भइरहेको पाइन्छ ।

संस्थागत विद्यालयमा सञ्चालित बालविकास केन्द्रहरू विशेष गरेर सदरमुकाम र शहरी वस्तीहरूमा सञ्चालित छन् । यी विद्यालयहरूले २ वर्ष उमेरदेखिका बालबालिकालाई विद्यालयमा भर्ना गर्दै आइरहेका छन् भने सामुदायिक विद्यालयमा ४ वर्ष उमेर समूहका बालबालिकालाई १ वर्षको मात्र पूर्वप्राथमिक शिक्षा (बालशिक्षा) दिइन्छ । अतः संस्थागत विद्यालयहरूका बालबालिकाले सामुदायिक विद्यालयमा भर्ना भएका बालबालिकाको भन्दा बढी (कम्तिमा तीन वर्षको) प्रारम्भिक बाल शिक्षा पाइरहेका छन् । संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरूबाट संचालित बालविकास केन्द्रको साथै स्थानीय तहबाट स्वीकृति लिएर समेत विभिन्न नामबाट पूर्व प्राथमिक कक्षाहरू सञ्चालन भइरहेका छन् ।

परिच्छेद

# ३

# रणनीतिका आधार र आधारभूत मान्यताहरू



©UNICEF/2016/GPirozzi

## ३.१ रणनीतिका आधारहरू

प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति निम्न तीनवटा पक्षमा आधारित रहेर निर्माण गरिएको छ ।

### ३.१.१ बहुपक्षीय संलग्नता

प्रारम्भिक बालविकास एक बहुपक्षीय कार्यक्रम भएकाले यसको सफल कार्यान्वयनको सुनिश्चितताका लागि संघ, प्रदेश र स्थानीय तह, निजी क्षेत्र, सामाजिक संघसंस्था सबैको जिम्मेवारी हुन्छ । तसर्थ, प्रारम्भिक बालविकासलाई बहुपक्षीय कार्यक्रमको रूपमा राष्ट्रिय योजना आयोगको संयोजकत्वमा अन्य सरोकारवालासँगको सहकार्यमा प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ ।

### ३.१.२ अधिकारमा आधारित

प्रारम्भिक बालविकास मानवअधिकार विशेषतः बालअधिकारको अभिन्न अङ्ग हो । बालबालिकाका लागि सञ्चालन गरिने हरेक कार्यक्रमहरू बालअधिकारमा आधारित हुनेछन् । बालबालिकाका लागि गरिने क्रियाकलापमा सर्वोत्तम हित, भेदभावरहित, स्वस्थजीवन र विकास तथा सहभागिताको सिद्धान्तलाई सर्वोपरी राखिनेछ ।

### ३.१.३ जीवनचक्रमा आधारित

सबै बालबालिकाले उस्तै र विकासका समान प्रक्रिया र चरण पार गरिरहेका हुन्छन् । बालबालिकाले प्रारम्भिक बालविकास उमेरमा पाएको अवसर र वातावरणले उनीहरूको विकासको दरलाई निर्धारित गर्दछ । बालबालिकामा उमेर अनुरुप क्रमिक रुपमा शारीरिक, संवेगात्मक र बौद्धिक विकास भएको हुन्छ । यसै विकास प्रक्रियालाई ध्यानमा राखेर बालबालिकाको सर्वाङ्गीण विकासको लागि उनीहरूको उमेर अनुसारको सेवाको सुनिश्चितता हुन आवश्यक छ । बालबालिकाको उमेर (गर्भावस्थादेखि जन्म, जन्मदेखि २४ महिना, २४ देखि ४८ महिना, ४८ देखि ६० महिना तथा ६० देखि ९६ महिना) लाई मध्यनजर राखेर कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु आवश्यक छ ।

## ३.२ आधारभूत मान्यताहरू

प्रारम्भिक बालविकासका लागि रणनीतिक योजना तर्जुमा गर्दा निम्न प्रमुख मान्यताहरूलाई आत्मसात् गरिएको छः

(क) प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई उमेर, लिङ्ग, क्षमता, अपाङ्गता, पारिवारिक स्थिति, जातजातीयता, वर्ग, धार्मिक आस्था, आर्थिक अवस्था, सामाजिक साँस्कृतिक अवस्था, राजनीतिक आस्था र भूगोलको आधारमा विना भेदभाव सर्वाङ्गीण विकासको अवसर प्रत्याभूत गरिनेछ ।





**"प्रारम्भिक बालविकास एक बहुपक्षीय कार्यक्रम भएकाले यसको सफल कार्यान्वयनको सुनिश्चितताका लागि संघ, प्रदेश र स्थानीय तह, निजी क्षेत्र, सामाजिक संघसंस्था सबैको जिम्मेवारी हुन्छ । तसर्थ, प्रारम्भिक बालविकासलाई बहुपक्षीय कार्यक्रमको रूपमा राष्ट्रिय योजना आयोगको संयोजकत्वमा अन्य सरोकारवालासँगको सहकार्यमा प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ ।**

(ख) प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वोत्तम हित अनुकूल संरक्षण, बचावट, सहभागिता र विकास गर्ने वातावरण तयार गर्दै बालअधिकारको सुनिश्चितता गरिनेछ ।

(ग) प्रत्येक प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई आफ्नो उमेर, क्षमता र आवश्यकताको आधारमा पूर्ण क्षमताको विकास गर्ने अवसरको प्रत्याभूति गरिनेछ ।

(घ) प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासलाई सहयोग पुग्ने वातावरण तयार गरिनेछ ।

(ङ) दिगो र गुणस्तरीय सेवाको सुनिश्चितता गर्ने जिम्मेवारी आमाबुबा, परिवार, अभिभावक, समुदाय र राज्यको हुनेछ ।

(च) स्थानीय तथा परम्परागत राम्रा प्रचलनको प्रवर्द्धन र समाजमा रहेका रुढीवादी परम्पराप्रचलन पहिचान गरी त्यसलाई निरूत्साहित गर्दै बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै सेवाहरू एकीकृत रूपमा प्रवाह गरिनेछ ।

(छ) बालबालिकामा हुने लैङ्गिक विभेद पहिचान गरी सोको न्यूनीकरण गर्दै कार्यक्रम सञ्चालन गरिनेछ ।


(ज) बालबालिकालाई जिम्मेवार र प्रतिष्ठित नागरिक सरह सम्मान गर्दै अनुशासित र जिम्मेवार नागरिक बनाइनेछ ।

विभिन्न अध्ययन तथा यस रणनीति तर्जुमाका लागि भएका परामर्शका आधारमा नेपालका सबै बालबालिकाको प्रारम्भिक बालविकास सुनिश्चित गर्न बालबालिका तथा परिवारका लागि आधारभूत सेवाहरू पहिचान गरिएका छन् । यसमध्ये धेरै उपयोगमा आईरहेको भएतापनि तिनीहरूको गुणस्तरका लागि थप काम गर्नुपर्ने देखिन्छ । साथै, केही नयाँसेवाहरू पनि उपलब्ध गराउनु पर्ने देखिन्छ । प्रारम्भिक बालविकासको समग्र प्रभाव त्यस बेला बढी हुन्छ जुन कार्यक्रमले स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षण, शिक्षा र खानेपानी तथा सरसफाई सम्बन्धी सबै सेवाहरू एकीकृत रुपमा सबै बालबालिकालाई प्रदान गरिन्छ ।

## ३.३ प्रारिम्भक बालविकास सम्बन्धी आधारभूत सेवाहरू

बालबालिकाको उमेर अनुसारको आवश्यकता फरक हुन्छ । गर्भावस्था देखि नै बालबालिकालाई सर्वाङ्गीण विकासको अवसर सुनिश्चित गर्न पोषण, स्वास्थ्य, स्याहार र सिकाईका एकीकृत सेवाहरू प्रदान गर्नुपर्दछ । प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरूलाई उमेर अनुसार प्रवाह गर्नुपर्ने सेवाहरू निम्नानुसार रहेका छन् ।

चित्र नं. २




Source: Adapted to Nepal context based on Denboba et al (2014) & UNICEF (2017)





## ३.४ परिवर्तनको सिद्धान्त

माथि उल्लिखित प्रारम्भिक बालविकासका रणनीतिका आधार, आधारभूत मान्यता र प्रदान हुने सेवाहरूका आधारमा निम्न बमोजिमको परिवर्तनको सिद्धान्त तय गरिएको छ।

**प्रभाव:** वि. सं. २०८८ सम्ममा गर्भावस्थादेखि ८ वर्षसम्मका सबै बालबालिकालाई सर्वाङ्गीण विकासको अवसर सुनिश्चित भएको हुनेछ।

### असर

**१. गुणस्तरीय प्रारम्भिक बालविकास सेवा**

हरेक गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई एकीकृत गुणस्तरीय प्रारम्भिक बालविकास सेवाको पहुँच सुनिश्चित गर्न दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित भएको हुनेछ।

**२. समन्वय संयन्त्रको व्यवस्था**

संघ, प्रदेश र स्थानीय तहमा प्रारम्भिक बालविकासका निम्ति कानूनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण भइ प्रभावकारी रुपमा समन्वय भएको हुनेछ।

**३. समुदायको संलग्नता**

परिवार तथा समुदायमा प्रारम्भिक बालविकासप्रति प्रष्ट बुझाइ भएको हुनेछ र एकीकृत प्रारम्भिक बालविकास सेवामा सक्रिय संलग्नता भएको हुनेछ।

### प्रतिफलहरू

**प्रारम्भिक बालविकास निर्देशक समिति**

- संघ, प्रदेश र स्थानीय तहमा प्रारम्भिक बालविकास समितिबाट प्रभावकारी कार्य भएको हुने ।
- संघ, प्रदेश र स्थानीय तहमा प्रारम्भिक बालविकाससम्बन्धी नीति, नियमावली, निर्देशिका तर्जुमा भइ लागू भएको हुने ।
- लैङ्गिक समावेशीकरणलाई केन्द्रित गरी विषयगत मन्त्रालयको नीति, योजना तथा कार्यक्रममा प्रारम्भिक बालविकासलाई आवद्ध गरिएको हुने ।
- प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि एकीकृत प्रारम्भिक बालविकास कार्यक्रममा बजेट वृद्धि भएको हुने ।
- प्रारम्भिक बालविकासमा कार्यरत मानव स्रोतको क्षमता अभिवृद्धि भएको हुने ।
- प्रारम्भिक बालविकास कार्यक्रमको अनुगमन, मूल्याङ्कन प्रणाली सुदृढ भएको हुने ।
- प्रारम्भिक बालविकासको लागि प्रदेश र स्थानीय तहका प्रारम्भिक बालविकास समितिसँग समन्वय र सहकार्य सुदृढ भएको हुने ।
- बालबालिकाका लागि आवश्यक आधारभूत सेवाको सूची अनुरूपको मापदण्ड लागू भएको हुने ।

### गृह मन्त्रालय

- सबै बालबालिकाको जन्म दर्ता भएको हुने ।
- एकीकृत प्रारम्भिक बालविकासकालागि एकीकृत तथ्याङ्कको प्रवर्द्धन भएको हुने ।
- विपद् न्यूनीकरण तथा व्यवस्थापनमा प्रारम्भिक उमेरका बालबालिका तथा गर्भवती महिलाकालागि विशेष व्यवस्था भएको हुने ।
- बाल सुरक्षा र संरक्षण प्रणाली सुदृढीकरण भएको हुने ।
- विपद् व्यवस्थापनको पूर्वतयारी गरी विपद्बाट हुने हानी नोक्सानीमा कमी भएको हुने ।

### संघीय मामिला तथा सामान्य प्रशासन

- स्थानीय, प्रादेशिक र संघीय तहको नीति तथा योजनामा प्रारम्भिक बालविकाससम्बन्धी विषय प्राथमिकताका साथ समावेश भएको हुने ।
- सरकारका तीनै तहमा प्रारम्भिक बालविकाससम्बन्धी आवश्यक सेवाको सूचना/तथ्याङ्क अद्यावधिक भएको हुने ।
- सरकारका तीनै तहमा दक्ष मानवस्रोतको व्यवस्थापन भएको हुने ।
- प्रारम्भिक बालविकासका लागि स्थानीय तहमा आवश्यक पूर्वाधारको मापदण्ड लागू भएको हुने ।
- स्थानीय तहमा आवश्यकताको आधारमा उमेर समूह अनुसार सबै बालबालिकालाई प्रारम्भिक बालविकास कार्यक्रमको सेवा प्राप्त भएको हुने ।

### महिला, बालबालिका तथा जेष्ठ नागरिक

- प्रारम्भिक बालविकास उमेरका सब बालबालिकालाई प्रारम्भिक बालविकास तथा स्याहारको अवसर प्राप्त भएको हुने ।
- प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सुरक्षा, संरक्षण र बालविकास तथा सिकाइ पद्धतिको सुदृढीकरण भएको हुने ।
- किशोरी अवस्थामा हुने गर्भधारण संख्यामा न्यूनीकरण भएको हुने ।
- स्थानीय तहका संयन्त्रहरूबाट बालबचावट, सुरक्षा र संरक्षणमा सुधार भएको हुने ।
- अभिभावक, सहजकर्ता, शिक्षक र अन्य वयस्कहरूमा बालअधिकार र विकाससम्बन्धी व्यवहारमा परिवर्तन आई बालबालिकाप्रति हुने शारीरिक तथा मानसिक हिंसा (शोषण, दूर्व्यवहार, हिंशा, हेपाइ, विभेद) मा कमी भएको हुने ।
- अभिभावक तथा परिवारको व्यवहारमा परिवर्तन आई सकारात्मक अभिभावकत्वमा वृद्धि भएको हुने ।
- अपाङ्गता भएका गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिका लक्षित सेवाको पहुँचमा वृद्धि भएको हुने ।
- परिवार तथा समुदायको संलग्नतामा वृद्धि भएको हुने ।





### स्वास्थ्य तथा पोषण

- गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको स्वास्थ्यमा सुधार भई मातृ तथा बालमृत्युदरमा कमी आएको हुने ।
- बालबालिकामा हुने रोग तथा स्वास्थ्य समस्याहरूमा कमी आएको हुने ।
- शिशु तथा बाल्यावस्थामा हुने रोगको रोकथाम र व्यवस्थापन गर्ने सेवाको पहुँचमा वृद्धि भएको हुने ।
- गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाले पूर्ण खोप लिएको हुने ।
- मानसिक स्वास्थ्य सेवामा गर्भवती र सुत्केरी महिलाको पहुँच र गुणस्तरीय सेवाको उपभोगमा सुधार भएको हुने ।
- आधारभूत तहका कक्षा ३ सम्मका बालबालिकाका लागि विद्यालयमा स्वास्थ्य सेवा उपलब्ध भएको हुने ।
- गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको खाद्य तथा पोषण सुरक्षाको स्थितिमा सुधार भएको हुने ।
- भौगोलिक तथा आर्थिक रूपमा सीमान्तकृत परिवारमा रहेका गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको खाद्य तथा पोषण सुरक्षाको स्थितिमा सुधार भएको हुने ।
- बाबुआमा, अभिभावक तथा परिवारका सदस्यहरूको पोषणसम्बन्धी ज्ञान तथा सीपमा वृद्धि भई पोषणयुक्त खानाको पहुँच तथा उपभोगमा सुधार भएको हुने ।

### शिक्षा

- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर प्राप्त भएको हुने ।
- सबै प्रारम्भिक बालविकास उमेरका बालबालिकाको लागि प्रारम्भिक बालविकास तथा सिकाइको मापदण्ड र पाठ्यक्रम लागू भएको हुने ।
- प्रारम्भिक बालविकास सेवाहरूको गुणस्तर कायम गर्न आवश्यक दक्ष मानव स्रोत परिचालित भएको हुने ।
- बाल-केन्द्रित, बालमैत्री र बालअधिकारमा आधारित प्रारम्भिक बालविकास सेवाहरूमा बालबालिकाको पहुँच वृद्धि भएको हुने ।
- अभिभावक तथा परिवारका सदस्यहरूको बालबालिकाप्रति गरिने व्यवहारमा सुधार भई बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुगेको हुने ।

### कृषि तथा पशुपंक्षी

- गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिका लक्षित पोषणयुक्त खाद्य उत्पादनमा वृद्धि भएको हुने ।
- पारिवारिक खाद्य पोषण सुरक्षाको स्तर वृद्धि गर्न घरायसीस्तरमा अन्नबाली, दलहन, तरकारी, फलफुल, मत्स्य तथा पशुपंछी उत्पादनमा वृद्धि भएको हुने ।
- पोषणयुक्त खाद्य पदार्थ उत्पादन र उपभोग गर्न घर परिवारको क्षमतामा वृद्धि भएको हुने ।

### खानेपानी तथा सरसफाइ

- सुरक्षित खानेपानीको पहुँचमा वृद्धि भएको हुने ।
- बालमैत्री शौचालयको प्रयोगमा वृद्धि भएको हुने ।
- व्यक्तिगत तथा वातावरणीय सरसफाइसम्बन्धी व्यवहारमा सुधार भएको हुने ।
- पानीको शुद्धीकरणसम्बन्धी ज्ञान र सीपमा वृद्धि हुनुका साथै व्यवहारमा सुधार भएको हुने ।

परिच्छेद

# ८

# रणनीति



©UNICEF Nepal/2020/LPNgakhusi

यस रणनीतिमा नेपालको प्रारम्भिक बालविकास उमेरका सम्पूर्ण बालबालिकाको सर्वाङ्गीण विकासका लागि निम्नानुसारको दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरू निर्दिष्ट गरिएका छन् ।

## ४.१ दूरदृष्टि

सबै बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गरी सक्षम तथा दक्ष मानव स्रोत विकास ।

## ४.२ लक्ष्य

वि.सं. २०८८ सम्ममा गर्भावस्था देखि ८ वर्षसम्मका सबै बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गरिनेछ ।

## ४.३ उद्देश्य

१. सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि ८ वर्षसम्मका सबै बालबालिकालाई उमेरअनुसार लक्षित एवं गुणस्तरीय सेवा एकीकृत रुपमा प्रदान गर्नु ।

२. एकीकृत प्रारम्भिक बालविकासका लागि कानूनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण गर्नु ।

३. एकीकृत प्रारम्भिक बालविकासको प्रभावकारी सेवा पुर्याउन दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित गर्नु ।

४. बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु ।

५. विशेष संरक्षण आवश्यकता भएका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि लक्षित रुपमा एकीकृत एवं गुणस्तरीय सेवाको पहुँच विस्तार गर्नु ।

## ४.४ रणनीति

माथि उल्लेखित उद्धेश्य हासिल गर्नका लागि देहायका रणनीति अवलम्बन गरिनेछन् :

### ४.४.१ उद्धेश्य १ सँग सम्बन्धित रणनीति

(क) प्रारम्भिक बालविकासका लागि उमेरगत रूचि, क्षमता तथा आवश्यकता अनुसारको लैङ्गिकमैत्री, बालमैत्री, समावेशी, समतामूलक र गुणस्तरीय सेवा प्रवाह गर्ने ।

(ख) प्रारम्भिक बालविकासका लागि उमेर र सेवा अनुरूपको आवश्यक न्यूनतम मापदण्ड निर्धारण गर्ने ।





(ग) गुणस्तरीय र प्रभावकारी प्रारम्भिक बालविकास सेवाका लागि सूचना व्यवस्थापनको सुदृढीकरण, अनुगमन, मूल्याङ्कन र अनुसन्धान प्रणाली स्थापित गर्ने ।

(घ) लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गतामैत्री पूर्वाधार सुनिश्चित गर्ने ।

### ४.४.२ उद्धेश्य २ सँग सम्बन्धित रणनीति

(क) संघ, प्रदेश र स्थानीय तहमा प्रारम्भिक बालविकासका लागि विद्यमान कानूनको परिमार्जन र नयाँ कानूनको तर्जुमा गर्ने ।

(ख) सरकारका सबै तहमा प्रारम्भिक बालविकासका लागि सम्बन्धित सबै निकायको प्रतिनिधित्व हुनेगरी संयन्त्र निर्माण गर्ने ।

(ग) सरकारका सबै तहमा एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम तथा गुणस्तरीय सेवा प्रवाह गर्न आपसी समन्वय, सहकार्य र सहयोग सुनिश्चित गर्ने ।

(घ) विपद् पूर्वतयारी योजनामा गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाका लागि सुरक्षा संरक्षण सहितको विशेष व्यवस्था गर्ने ।

### ४.४.३ उद्धेश्य ३ सँग सम्बन्धित रणनीति

(क) संघ, प्रदेश र स्थानीय तहले प्रारम्भिक बालविकासलाई प्राथमिकतामा राखेर एकीकृत योजना र कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन गर्ने ।

(ख) गैरसरकारी संस्था, आम सञ्चार, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकासमा सहयोग, सहकार्य तथा लगानी गर्न प्रोत्साहन गर्ने ।

(ग) अर्थ मन्त्रालयको सहमतिमा विकास साझेदारलाई यस क्षेत्रमा सहयोग बढाउन प्रोत्साहन गर्न सकिने ।

(घ) प्रारम्भिक बालविकासका लागि आवश्यक मानव स्रोतको प्रक्षेपण तथा विकासका लागि मानव स्रोत योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ङ) प्रारम्भिक बालविकासको क्षेत्रमा हाल कार्यरत मानव स्रोतको उत्प्रेरणा तथा सक्षमता अभिवृद्धि गर्ने ।

### ४.४.४ उद्धेश्य ४ सँग सम्बन्धित रणनीति

(क) सेवा प्रवाहमा परिवार तथा समुदायको सहभागिता, संलग्नता र जिम्मेवारी अभिवृद्धि गर्ने ।

(ख) प्रारम्भिक बालविकासको लागि आमसञ्चार माध्यमसँग सहकार्य गर्ने ।

(ग) बालबालिका हुर्काउने (लालनपालन, सिकाइ, सुरक्षा, स्वास्थ्य, पोषण) असल स्थानीय चलनको निरन्तरताको लागि प्रोत्साहनको व्यवस्था गर्ने ।

### ४.४.५ उद्देश्य ५ सँग सम्बन्धित रणनीति

(क) विशेष संरक्षणको आवश्यकता भएका गर्भवती महिला तथा बालबालिकाको प्रारम्भिक बालविकासको अवसर सुनिश्चितताको लागि समन्वय, सहकार्य र सहयोग सुनिश्चित गर्ने ।

(ख) भौगोलिक रुपमा दुर्गम स्थानमा रहेका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्ने ।

## ४.५ कार्यनीति

माथि उल्लेखित रणनीतिको कार्यान्वयनका लागि तपसिलअनुसारको कार्यनीतिहरू अवलम्बन गरिनेछन् ।

#### १) रणनीति ४.४.१ सँग सम्बन्धित

(क) प्रारम्भिक बालविकासका लागि उमेरगत रूचि, क्षमता तथा आवश्यकता अनुसारको लैङ्गिकतामैत्री, बालमैत्री, समावेशी, समतामूलक र गुणस्तरीय सेवा प्रवाह गर्ने ।

१. सबै बालबालिकाको सर्वाङ्गीण विकासमा पहुँच पुर्याउन स्थानीय परिवेश अनुरुप आवश्यकताको आधारमा घरमा आधारित, समुदायमा आधारित, विद्यालयमा आधारित एवं कार्य क्षेत्रमा (उद्योग, कलकारखाना) आधारित गुणस्तरीय प्रारम्भिक बालविकासका कार्यक्रमहरू क्रमशः सञ्चालन गरिनेछन् ।

२. सबै प्रकारका प्रारम्भिक बालविकास सेवाहरू (स्वास्थ्य, खोप, पोषण, उत्प्रेरणा, खेल आदि) एकीकृत रूपमा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

३. गर्भवती तथा नवसुत्केरी महिला र प्रारम्भिक बालविकास उमेरका बालबालिकाको मानसिक स्वास्थ्य र स्याहारसम्बन्धी परामर्श तथा उपचारको विशेष व्यवस्था गरिनेछ ।

४. विद्यालयको पाठ्यक्रममा प्रारम्भिक बालविकाससम्बन्धी विषयहरू समावेश गरिनेछ ।

५. प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई पोषणयुक्त खानाको व्यवस्था गरिनेछ ।

६. बालविकास केन्द्र, विद्यालय, स्वास्थ्य सेवा केन्द्र तथा बालसंरक्षण गृहहरूमा पत्रु (जङ्क)र अस्वस्थकर खाना निषेध गर्ने नियम बनाइ लागू गरिनेछ ।

७. बालविकास केन्द्रबाट कक्षा १ मा जाने बालबालिकाको लागि विद्यालय समायोजन कार्यक्रम सञ्चालन गरिनेछ । ५ देखि ८ बर्षका बालबालिका (कक्षा १(३) का लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७) अनुसार प्रयोगात्मक अभ्यास, खेल तथा अवलोकन विधि प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ । यी बालबालिकाको स्वास्थ्य, पोषण, सुरक्षा र संरक्षणका सेवाहरूको सुनिश्चितताका लागि विद्यालय वा बालविकास केन्द्र मार्फत सेवा प्रवाहको व्यवस्था गरिनेछ ।





८. प्रारम्भिक बालविकास उमेरका बालबालिकाको लागि कार्यक्रम सञ्चालन गर्दा पहिलो भाषामा (मातृभाषा) सहजीकरणको व्यवस्था गरिनेछ ।

९. प्रारम्भिक बालविकासको लागि सङ्घीय पाठ्यक्रमको ढाँचामा रही स्थानीय पाठ्यक्रम तथा शैक्षिक सामग्री परिमार्जन तथा विकास गरिनेछ ।

१०. प्रारम्भिक बालविकास उमेरका विद्यालय जाने बालबालिकाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ ।

(ख) प्रारम्भिक बालविकासका लागि उमेर र सेवा अनुरूपको आवश्यक न्यूनतम मापदण्ड निर्धारण गर्ने ।

१. गर्भवती महिला तथा बालबालिका सम्बन्धी सेवा प्रदायक संस्था (परिवार, स्वास्थ्य केन्द्र, बालविकास केन्द्र, विद्यालय आदि) को न्यूनतम मापदण्ड तयार गरी लागू गरिनेछ ।

२. तोकिएको मापदण्डको आधारमा कार्यक्रम सञ्चालन भए नभएको सुपरिवेक्षण गरिनेछ र आवश्यकता अनुसार तिनीहरूको सुधार गरिनेछ ।

३. बालबालिकाको उमेरगत विकास र सिकाइ मापदण्ड तयारी तथा लागू गर्न संयन्त्र तयार गरिनेछ ।

४. गर्भवती महिला तथा बालबालिकाको लागि आवश्यक सेवाहरूको न्यूनतम मापदण्ड निर्धारण गरिनेछ ।

ग) गुणस्तरीय र प्रभावकारी प्रारम्भिक बालविकास सेवाका लागि सूचना व्यवस्थापनको सुदृढीकरण, अनुगमन, मूल्याङ्कन र अनुसन्धान प्रणाली स्थापित गर्ने ।

१. प्रारम्भिक बालविकाससम्बन्धी हाल भएका कार्यक्रमहरूको अवस्था विश्लेषण, तथ्याङ्क सङ्कलन तथा नक्साङ्कन गरी आवश्यकताको आधारमा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

२. एकीकृत प्रारम्भिक बालविकाससम्बन्धी रैथाने र परम्परागत अभ्यासहरूको अनुसन्धान गरी उपयुक्त अभ्यासहरूको संरक्षण, प्रवर्द्धन र परिमार्जन गरिनेछ । साथै, यस क्षेत्रमा थप अनुसन्धान गर्न प्रोत्साहन गरिनेछ ।

३. गुणस्तरीय र प्रभावकारी प्रारम्भिक बालविकास सेवाका लागि संघ, प्रदेश र स्थानीय तहमा समन्वय गरी कार्यान्वयन संयन्त्र तथा अनुगमनका सूचकहरू तयार गरी लागू गरिनेछ ।

४. एकीकृत प्रारम्भिक बालविकाससम्बन्धी सूचना व्यवस्थापन तथा सुदृढीकरण गरिनेछ ।

५. बालबालिकाको खण्डीकृत (उमेरगत, लैङिगक, अपाङ्गता) तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरिनेछ ।

६. सहज जन्मदर्ताको व्यवस्था गर्ने तथा व्यक्तिगत परिचय पत्रको आधारमा जन्मदेखि नै बालबालिकाको निरन्तर अनुगमन गरी आवश्यक सेवा सुविधाको योजना बनाइनेछ ।

घ) लैङ्गिकतामैत्री, बालमैत्री, अपाङ्गतामैत्री पूर्वाधार सुनिश्चित गर्ने ।

१. एकीकृत प्रारम्भिक बालविकासको लागि उपयुक्त पूर्वाधारहरू (बालउद्यान, दिवा शिशु स्याहार केन्द्र, अस्थायी संरक्षण सेवा केन्द्र, बालविकास केन्द्र, प्रसुती केन्द्र) आदिको विकास गरिनेछ ।

२. विद्यमान पूर्वाधारसम्बन्धी निर्देशिका र मापदण्डहरूलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री हुनेगरी आवश्यकता अनुसार संशोधन गरिनेछ ।

३. घर तथा अन्य संरचना निर्माण गर्दा सुरक्षित तथा बालबालिकामैत्री संरचनाको मापदण्ड अनुसार गरिनेछ ।

४. प्रारम्भिक बालविकासको लागि आवश्यक सेवा प्रदान गर्ने सबै केन्द्रहरू (धार्मिक केन्दहरू सहित)को मापदण्ड तयार गरी सो अनुसारको भौतिक संरचना तयार गरिनेछ ।

५. प्रत्येक समुदाय वा टोल, एकीकृत वस्ती, कोलोनीहरूमा तथा शहरमा बन्ने अपार्टमेन्टमा एकीकृत प्रारम्भिक बालविकास सेवा केन्द्र अनिवार्य सञ्चालन गर्नुपर्ने व्यवस्था गरिनेछ ।

### २) रणनीति ४.४.२ सँग सम्बन्धित

क) संघ, प्रदेश र स्थानीय तहमा प्रारम्भिक बालविकासका लागि विद्यमान कानून परिमार्जन, नयाँ कानूनको निर्माण तथा प्रभावकारी सेवा प्रवाह गर्ने ।

१. प्रारम्भिक बालविकाससम्बन्धी विद्यमान संघीय कानूनमा एकरुपता कायम गर्न तिनमा समायोजन गरिनेछ ।

२. प्रारम्भिक बालविकाससम्बन्धी प्रादेशिक कानून बनाइनेछ ।

३. संघीय तथा प्रादेशिक कानूनको आधारमा प्रत्येक स्थानीय तहमा प्रारम्भिक बालविकाससम्बन्धी नीति, ऐन र कार्यविधि तर्जुमा गरिनेछ ।

४. लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मध्यनजर गरी विषयगत मन्त्रालय (संघीय तथा प्रादेशिक) को नीति, योजना तथा कार्यक्रममा प्रारम्भिक बालविकासलाई एकीकृत गरिनेछ ।

५. स्थानीय तहमा प्रारम्भिक बालविकास उमेरका बालबालिका तथा तिनका परिवारलाई लक्षित गुणस्तरीय सेवा प्रवाह गरिनेछ ।





ख) संघ, प्रदेश र स्थानीय तहमा प्रारम्भिक बालविकासका लागि सम्बन्धित सबै निकायको प्रतिनिधित्व हुनेगरी संयन्त्र निर्माण गर्ने ।

१. प्रारम्भिक बालविकाससम्बन्धी रणनीति कार्यान्वयनका लागि संघ, प्रदेश तथा स्थानीय तहमा प्रारम्भिक बालविकास समितिको व्यवस्था गरिनेछ ।

२. उक्त समितिले प्रारम्भिक बालविकाससम्बन्धी रणनितिको कार्यान्वयन, अनुगमन, समन्वय र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने व्यवस्था गरिनेछ ।

ग) संघ, प्रदेश र स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम तथा गुणस्तरीय सेवा प्रवाह गर्न आपसी समन्वय, सहकार्य र सहयोग सुनिश्चित गर्ने ।

१. संघ, प्रदेश र स्थानीय तहमा प्रारम्भिक बालविकासका कार्यक्रम तथा गुणस्तरीय सेवा प्रवाह गर्नका लागि सहकार्य तथा समन्वयको ढाँचा तयार गरी लागू गरिनेछ ।

२. संघ, प्रदेश र स्थानीय तहमा प्रारम्भिक बालविकासका कार्यक्रमहरूको सञ्चालनका लागि आर्थिक लगानीसम्बन्धी नीति, तथा कार्यविधि तय गरिनेछ ।

३. शिक्षा, स्वास्थ्य, कृषि, महिला, बालबालिका, सुरक्षा र संरक्षण तथा खानेपानीसम्बन्धी सेवादायी सबै निकायबीच बालबालिकाको लागि समन्वय र सहकार्य गर्ने स्पष्ट नीति, निर्देशिका एवं मापदण्ड तर्जुमा गरी लागू गरिनेछ ।

४. संघ, प्रदेश र स्थानीय तहबीच प्रारम्भिक बालविकासको राष्ट्रिय रणनीतिलाई आफ्नो परिवेशअनुसार कार्यान्वयन गर्न समन्वय र सहकार्यको खाकासहित योजना बनाई लागू गरिनेछ । जसबाट प्रारम्भिक बालविकास उमेरका बालबालिकाको आधारभूत सेवा सुनिश्चित हुनेछ ।

घ) विपद् पूर्वतयारी योजनामा गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाका लागि सुरक्षा संरक्षण सहितको विशेष व्यवस्था गर्ने ।

१. संघ, प्रदेश र स्थानीय तहका विपद् पूर्वतयारी योजनामा गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सुरक्षा र संरक्षणलाई विशेष प्राथमिकता दिइनेछ ।

२. विपद् व्यवस्थापनसम्बन्धी संघ, प्रदेश र स्थानीय तहमा रहेका संयन्त्रहरूमा प्रारम्भिक बालविकासको विषयलाई समावेश गरीसेवा प्रवाह गरिनेछ ।

३. घरपरिवार तथा समुदायमा विपद् पूर्वतयारी तथा व्यवस्थापन योजना बनाउन एवं तत्सम्बन्धी तयारी गर्न, गराउन प्रोत्साहन गरिनेछ ।

### ३) रणनीति ४.४.३ सँग सम्बन्धित

क) संघ, प्रदेश र स्थानीय तहले प्रारम्भिक बालविकासलाई प्राथमिकतामा राखेर एकीकृत योजना र कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन गर्ने ।

१. एकीकृत प्रारम्भिक बालविकासको योजना तर्जुमासम्बन्धी निर्देशिका तयार गरिनेछ ।

२. संघ, प्रदेश र स्थानीय तहबाट प्रारम्भिक बालविकासको लागि बजेट विनियोजनको व्यवस्था सुनिश्चित गरिनेछ ।

३. एकीकृत प्रारम्भिक बालविकास निर्देशिका बमोजिम योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वन गर्न सबै तहमा सम्बन्धित विषयगत शाखाको संलग्नतामा संयन्त्र व्यवस्था गरिनेछ ।

ख) गैरसरकारी संस्था, आम सञ्चार, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकासमा सहयोग, सहकार्य तथा लगानी गर्न प्रोत्साहन गर्ने ।

१. गैरसरकारी संस्थालाई प्रारम्भिक बालविकासको क्षेत्रमा सहयोग (लगानी) बढाउन प्रोत्साहन गरिनेछ ।

२. निजी क्षेत्रले हाल सामाजिक उत्तरदायित्व अन्तर्गत उपलब्ध गराउँदै आएको योगदानलाई प्रारम्भिक बालविकासको क्षेत्रमा उपयोग गर्न प्रोत्साहन तथा सहजीकरण गरिनेछ ।

३. निजी क्षेत्र र आम सञ्चारलाई प्रारम्भिक बालविकासको क्षेत्रमा सहयोग र सहकार्य गर्न प्रोत्साहन गरिनेछ ।

४. प्रारम्भिक बालविकासको क्षेत्रमा गरिने सहयोगलाई एकद्वार प्रणालीबाट व्यवस्थापन नीति अवलम्बन गरिनेछ ।

ग) प्रारम्भिक बालविकासका लागि आवश्यक मानव स्रोतको प्रक्षेपण तथा विकासका लागि मानव स्रोत योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

१. प्रारम्भिक बालविकासका लागि आवश्यक मानव स्रोत प्रक्षेपणका लागि अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन तथा हाल भएका विवरण अद्यावधिक गरिनेछ ।

२. दक्ष मानव स्रोतको प्राप्ति, विकास, टिकाउका लागि विशेष प्रावधान (मापदण्ड, सीप, दक्षता, सेवा, सुविधा, वृत्ति विकास अवसर) सहितको मानव स्रोत विकासको नीति तर्जुमा गरी सोही आधारमा योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

३. प्रारम्भिक बालविकासका लागि दक्ष मानव स्रोत उत्पादनमा कार्यरत विश्वविद्यालय, गैरसरकारी संस्था, तालिम प्रदायक संस्थाहरूको मापदण्ड निर्धारण गरिनेछ । सोअनुसार नियमन गर्ने एवं नीतिगत आधार तय गरिनेछ ।





घ) प्रारम्भिक बालविकासको क्षेत्रमा हाल कार्यरत मानव स्रोतको उत्प्रेरणा तथा सक्षमता अभिवृद्धि गर्ने ।

१. प्रारम्भिक बालविकासको क्षेत्रमा वृत्ति विकासको अवसर सुनिश्चित गर्न तालिम तथा सीप विकासका अवसरहरू प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।

२. हाल कार्यरत मानव स्रोतको पेशागत क्षमता मूल्याङ्कनका आधारहरू तयार गरी वृत्ति विकासका अवसरहरू सहित विशेषज्ञता हासिल गर्ने अवसर प्रदान गरिनेछ ।

३. प्रारम्भिक बालविकासका लागि विभिन्न तहमा आवश्यक मानव स्रोतहरूको एकीकृत बालविकाससम्बन्धी ज्ञान तथा सीप अभिवृद्धिको अवसर प्रदान गर्न विषयगत क्षेत्र अनुरुप पाठ्यक्रम परिमार्जनको व्यवस्था गरिनेछ ।

४. अपाङ्गता भएका बालबालिका र गर्भवती महिलासँग तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकासँग कार्य गर्ने मानव स्रोतको लागि विशेष ज्ञान तथा सीप प्रदान गर्ने व्यवस्था गरिनेछ ।

५. प्रारम्भिक बालविकासमा कार्यरत मानव स्रोतको स्तर निर्धारण तथा प्रमाणीकरणको व्यवस्थाका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय गरी स्तर निर्धारण र प्रमाणीकरणको व्यवस्था गरिनेछ ।

### ४) रणनीति ४.४.४ सँग सम्बन्धित

क) सेवा प्रवाहमा परिवार तथा समुदायको सहभागिता, संलग्नता र जिम्मेवारी अभिवृद्धि गर्ने ।

१. बालविकाससँग सम्बन्धित ऐन, कानून, नीति, कार्यक्रम, सेवा सुविधा तथा न्यूनतम मापदण्डबारे अभिभावकलाई सुसूचित गरिनेछ ।

२. आमाबुबा, अभिभावक तथा स्याहारकर्ताहरूमा गर्भावस्थादेखि नै प्रारम्भिक बालविकाससम्बन्धी ज्ञान तथा सीपलाई अद्यावधिक गर्न लक्षित कार्यक्रम (अभिभावक शिक्षारसंवाद) सञ्चालन गरिनेछ ।

३. बालविकासको महत्व र आवश्यकता अनुरुप घरपरिवार तथा समुदायमा सिकाइको वातावरण सिर्जना गर्न परिवार तथा समुदायलाई जिम्मेवार बनाइनेछ ।

४. गर्भावस्थादेखि नै बालबालिकाको विशेष स्याहार गर्ने कार्यमा बाबुलाई समेत जिम्मेवार बनाउन दक्षता अभिवृद्धि तथा जिम्मेवारी बहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

५. बालबालिकाको उमेर, रुचि, अवस्था र आवश्यकता अनुसार स्थानीय परिवेश सुहाउँदो कार्यक्रम सञ्चालनमा अभिभावक तथा समुदायलाई प्रोत्साहन गरिनेछ ।

६. विकास प्रयासलाई बालमैत्री बनाउन टोलरवडास्तरको स्थानीय योजना निर्माण गर्ने कार्यक्रममा अभिभावकको संलग्नता सुनिश्चित गरिनेछ ।

७. गर्भावस्था, सुरक्षित मातृत्व, खोप, पोषण, स्याहार, सुरक्षा, संरक्षण, प्रारम्भिक सिकाइ, जोखिम न्यूनीकरण तथा व्यवस्थापन, अपाङ्गता तथा उमेरगत विकास सहितको अभिभावक शिक्षारसंवाद कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) प्रारम्भिक बालविकासको लागि आमसञ्चार माध्यमसँग सहकार्य गर्ने ।

१. विद्यमान सञ्चार नीतिको पुनरावलोकन गरी बालविकास मैत्री सञ्चार नीति लागू गरिनेछ ।

२. अभिभावक, हेरालु तथा समुदायको लागि श्रव्यदृश्य सामग्री अभिभावकहरूको सहभागितामा तयार गरीनुका साथै उनीहरूको लागि अध्ययन गर्ने वातावरणको व्यवस्था गरिनेछ ।

३. स्थानीय सञ्चार माध्यम, स्थानीय समूह (आमा, अगुवा, उपभोक्ता, बालक्लब) हरूको प्रारम्भिक बालविकाससम्बन्धी ज्ञान, सीप र दक्षता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४. विभिन्न सञ्चार माध्यमद्वारा नियमित रूपमा प्रारम्भिक बालविकासलाई विशेष स्थान दिई प्रशारण गर्न सहकार्यरसमन्वय गरिनेछ ।

५. प्रारम्भिक बालविकास समिति, स्थानीय तहका बालअधिकार समिति लगायतका संयन्त्रहरूको काम, कर्तव्य तथा बालसंरक्षण नीतिबारे आमसञ्चार माध्यमबाट स्थानीयस्तरमा नियमित प्रचार प्रसार गरिनेछ ।

ग) बालबालिका हुर्काउने (लालनपालन, सिकाइ, सुरक्षा, स्वास्थ्य, पोषण) असल स्थानीय चलनको निरन्तरताको लागि प्रोत्साहनको व्यवस्था गर्ने ।

१. अभिभावक, परिवारका सदस्यहरू (आमाबाबु) तथा स्याहारकर्तालाई गर्भावस्थादेखि नै बालबालिकाको सर्वाङ्गीण विकास गर्न ज्ञान, सीप र प्रारम्भिक बालविकासमैत्री व्यवहार प्रवर्द्धन गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय असल अभ्यासहरूको संवर्द्धन, प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

२. गर्भदेखि चार वर्षको बालबालिकाका आमाबाबु वा अभिभावकलाई स्वास्थ्य स्वयंसेविकारआमा समूहको माध्यमबाट र चारदेखि आठ वर्षका बालबालिकाका आमाबाबु वा अभिभावकाका लागि प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता र प्राथमिक शिक्षकमार्फत क्रमश: अभिभावक शिक्षा दिने व्यवस्था गरिनेछ ।





३. प्रत्येक टोल, गाउँ, वडामा बालबालिकाको सर्वाङ्गीण विकास गर्ने वातावरण सहितको सम्पूर्ण सेवा प्रदान गर्ने एकिकृत प्रारम्भिक बालविकास तथा स्याहार कार्यक्रम सञ्चालन गरिनेछ ।

४. निम्न आय भएका अभिभावकहरूलाई बालबालिकाको पोषण, स्वास्थ्य, उत्प्रेरणा र सिकाइका लागि सहयोगको व्यवस्था गरिनेछ ।

५. विषयगत सबै मन्त्रालयको संलग्नतामा अभिभावक शिक्षालाई राष्ट्रिय अभियानको रूपमा सञ्चालन गर्ने नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिनेछ ।

६. आमाबाबुविहिन बालबालिकालाई उचित स्याहार, सिकाइ, पोषण, संरक्षण र उत्प्रेरणा प्रदान गर्न परिवारका अन्य सदस्यरअभिभावकलाई प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

७. दैनिक काममा जानुपर्ने अभिभावकको लागि तिनीहरूको कार्यक्षेत्रमा दिवा शिशुस्याहार केन्द्रको व्यवस्था गरिनेछ ।

८. घरायसी स्तरमा खाद्य तथा पोषण सुरक्षा अभिवृद्धिका लागि पारिवारिक खेती तथा पशुपंक्षी पालन विस्तार गर्न प्रोत्साहन गरिनेछ ।

### ५) रणनीति ४.४.५ सँग सम्बन्धित

क) विशेष संरक्षणको आवश्यकता भएका गर्भवती महिला तथा बालबालिकाको प्रारम्भिक बालविकासको अवसर सुनिश्चितताको लागि समन्वय, सहकार्य र सहयोग सुनिश्चित गर्ने ।

१. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका र गर्भवती महिलाको पहिचान गरी उनीहरूको सर्वाङ्गीण विकासका लागि लक्षित कार्यक्रम बनाई गुणस्तरीय सेवा प्रवाह गरिनेछ ।

२. अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने व्यवस्था गरिनेछ । अपाङ्गता भएका बालबालिकाको आवश्यकता पहिचान गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३. विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाको सर्वाङ्गीण विकास गर्न समावेशी विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

४. अपाङ्गताको संवेदनशीलताको आधारमा सेवा सुविधाको व्यवस्था गरिनेछ । यसको लागि संघ, प्रदेश र स्थानीय तहका प्रारम्भिक बालविकास समितिको माध्यमबाट समन्वय र सहकार्य बढाइनेछ ।

ख) भौगोलिक रुपमा दुर्गम स्थानमा रहेका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्ने ।

१. भौगोलिक रुपमा दुर्गम स्थानमा रहेका गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको तथ्याङ्क अध्यावधिक गरिनेछ ।

२. यी स्थानमा रहेका गर्भवती महिलाको नियमित स्वास्थ्य जाँच तथा सुरक्षित मातृत्वको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३. बालबालिका तथा परिवारको आवश्यकताको आधारमा घरमा वा समुदायमा आधारित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

## ४.६ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

**(क) कार्यान्वयन**

यो रणनीति नेपाल सरकारबाट स्वीकृत भए पछि तत्कालै कार्यान्वयनमा लगिनेछ । साथै यसको कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनको तर्जुमा वा भैरहेको कानूनको संशोधन गरिनेछ । त्यस्तै आवश्यक र निर्देशिकार मार्गदर्शन तर्जुमा कार्य पनि अघि बढाइनेछ । यस रणनीति कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहमा संस्थागत संरचनाको निर्माण गरिनेछ । यस अनुसार संघमा राष्ट्रिय प्रारम्भिक बालविकास निर्देशक समिति (अनुसूची १), प्रदेशमा प्रादेशिक प्रारम्भिक बालविकास समिति (अनुसूची २) र स्थानीय तहमा स्थानीय प्रारम्भिक बालविकास समिति (अनुसूची ३) तथा वडा तहमा वडा प्रारम्भिक बालविकास समिति (अनुसूची ४) रहनेछ ।

**(ख) अनुगमन**

यस रणनीति कार्यान्वयनमा भएको प्रगतिको नियमित अनुगमनका लागि अनुसूची १, २, ३ र ४ अनुसार गठन भएका समितिहरू क्रमशः राष्ट्रिय प्रारम्भिक बालविकास निर्देशक समिति, प्रादेशिक प्रारम्भिक बालविकास समिति, स्थानीय प्रारम्भिक बालविकास समिति र वडा स्तरीय प्रारम्भिक बालविकास समितिहरू संलग्न हुनेछन् । अनुगमन कार्यमा राष्ट्रिय योजना आयोग, सम्बन्धित विषयगत मन्त्रालयहरू, प्रादेशिक विषयगत मन्त्रालयहरू, प्रादेशिक योजना आयोग र सम्बन्धित स्थानीय तहहरू संलग्न हुनेछन् । अनुगमनमा संलग्न निकाय र समितिहरूले अनुसूची ५ मा व्यवस्था भए बमोजिमको नतिजा सूचकहरूलाई आधार मानी अनुगमन गर्नेछन् ।

**(ग) मूल्याङ्कन**

यो रणनीतिको कार्यान्वयन र सोबाट प्रारम्भिक बालविकासको क्षेत्रमा परेको असर तथा प्रभावको आन्तरिक र तेस्रो पक्षबाट मूल्याङ्कन गरिनेछ । मूल्याङ्कन गर्दा अनुसूची ५ मा व्यवस्था भएको असरका सूचकलाई आधार मानिनेछ ।




©UNICEF Nepal/2017/SJThapa

# अनुसूची

## अनुसूची १:

### राष्ट्रिय प्रारम्भिक बालविकास निर्देशक समिति गठन तथा काम, कर्तव्य र अधिकार

| | |
|---|---|
| उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | अध्यक्ष |
| सदस्य (प्रारम्भिक बालविकास क्षेत्रसँग सम्बन्धित), राष्ट्रिय योजना आयोग[1] | सदस्य |
| सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| सचिव, विषयगत मन्त्रालयहरू | सदस्य |
| प्रशासकीय प्रमुख, राष्ट्रिय बाल अधिकार परिषद् | सदस्य |
| एकीकृत प्रारम्भिक बालविकास विज्ञ (२ जना) | सदस्य |
| सहसचिव, प्रारम्भिक बालविकास क्षेत्र हेर्ने महाशाखा, राष्ट्रिय योजना आयोग | सदस्य-सचिव |

राष्ट्रिय प्रारम्भिक बालविकास निर्देशक समितिको काम, कर्तव्य र अधिकार निम्नअनुसार हुनेछः

- राष्ट्रियस्तरमा प्रारम्भिक बालविकाससम्बन्धी नीति तथा आवश्यकता अनुसार कार्यविधि तथा निर्देशिका तर्जुमा गर्ने ।
- प्रदेश तथा स्थानीय तहमा नीति तथा योजना तर्जुमा गर्न सहजीकरण गर्ने ।
- सबै प्रारम्भिक बालविकास उमेर समूहका बालबालिका तथा गर्भवती महिलाको लागि आधारभूत सेवा (स्वास्थ्य, उत्प्रेरणा, शिक्षण प्रविधि, सुरक्षा, पोषण र बालस्याहार आदि) को सूची तयार गरी राष्ट्रिय न्यूनतम मापदण्ड तर्जुमा गर्ने तथा लागू गर्न सहजिकरण गर्ने ।
- प्रारम्भिक बालविकासका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्न समन्वय तथा सहजिकरण गर्ने ।
- प्रारम्भिक बालविकासमा कार्यरत जनशक्तिको स्तर निर्धारण तथा प्रमाणीकरणको व्यवस्थाका लागि समन्वय गर्ने ।
- प्रदेश र स्थानीय तहसँग समन्वय गर्दै सञ्चार, अनुगमन र मूल्याङ्कन गर्ने ।
- संघीयस्तरमा प्रारम्भिक बालविकाससम्बन्धी सम्पूर्ण कार्यको समन्वयतथा अनुगमन गर्न बालविकास संयोजकको व्यवस्था गर्ने ।

समितिले आवश्यकता अनुसार अस्थायी प्रकृतिका कार्यसमितिहरू निर्माण गरी कार्य गर्न, गराउन सक्नेछ भने समितिले आवश्यकताअनुसार सामाजिक सङ्घसंस्था तथा निजी सेवा प्रदायकका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

[1] उपाध्यक्षको अनुपस्थितिको अवस्थामा, उपाध्यक्षको सहमतिमा प्रारम्भिक बालविकास क्षेत्र हेर्ने माननीय सदस्यले बैठक सञ्चालन गर्न सक्नुहुनेछ ।





## अनुसूची २:

### प्रादेशिक प्रारम्भिक बालविकास समिति गठन तथा काम, कर्तव्य र अधिकार

| | |
|---|---|
| मन्त्री, प्रदेश सामाजिक विकास मन्त्री | अध्यक्ष |
| सचिव, प्रादेशिक विषयगत मन्त्रालय | सदस्य |
| प्रतिनिधि, प्रदेश बालअधिकार समिति | सदस्य |
| प्रारम्भिक बालविकास विज्ञ (२ जना) | सदस्य |
| प्रमुख, सामाजिक विकास महाशाखा,सामाजिक विकास मन्त्रालय | सदस्य-सचिव |

प्रादेशिक प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार निम्नअनुसार हुनेछः

- राष्ट्रियस्तरको नीति, रणनीति, योजना तथा कार्यक्रमसँग तालमेल हुने गरी प्रदेशस्तरको नीति, रणनीति, योजना तथा कार्यक्रम तयार गर्ने र कार्यान्वय गराउने ।
- प्रारम्भिक बालविकासका कार्यक्रम तयार गर्ने र सो को लागि स्रोतको व्यवस्थापनमा समन्वय र सहजिकरण गर्ने ।
- प्रारम्भिक बालविकास कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गर्ने ।
- स्थानीय तह एवं अन्य सरोकारवालासँग समन्वय गरी एकीकृत रूपमा कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।
- संघ र स्थानीय तहसँग सञ्चार तथा समन्वय गर्ने ।
- प्रारम्भिक बालविकासका लागि आर्थिक स्रोतको व्यवस्थापनमा आवश्यक समन्वय र सहजिकरण गर्ने ।
- प्रदेशस्तरमा प्रारम्भिक बालविकाससम्बन्धी सम्पूर्ण कार्यको समन्वय, कार्यान्वयन तथा अनुगमन गर्न बालविकास संयोजकको व्यवस्था गर्ने ।

समितिले आवश्यकताअनुसार अस्थायी प्रकृतिका कार्यसमितिहरू निर्माण गरी कार्य गर्न, गराउन सक्नेछ भने समितिले आवश्यकताअनुसार सामाजिक सङ्घसंस्था तथा निजी सेवा प्रदायकका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## अनुसूची ३ :
## स्थानीय प्रारम्भिक बालविकास समिति गठन तथा काम, कर्तव्य र अधिकार

| | |
|---|---|
| प्रमुख वा अध्यक्ष, नगरपालिकारगाउँपालिका | अध्यक्ष |
| कार्यपालिका सदस्य, प्रारम्भिक बालविकास क्षेत्रसँग सम्बन्धित | सदस्य |
| अध्यक्ष, स्थानीय बाल अधिकार समिति | सदस्य |
| सामाजिक विकास शाखा अन्तर्गतका शाखा प्रमुखहरू | सदस्य |
| बाल कल्याण अधिकारी | सदस्य |
| प्रारम्भिक बालविकास विज्ञ (१ जना) | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका वा गाउँपालिका | सदस्य-सचिव |

स्थानीय प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार निम्नअनुसार हुनेछः

- स्थानीयस्तरमा राष्ट्रिय तथा प्रदेशको नीति, रणनीति, कार्यक्रमसँग तादाम्यता हुने गरी प्रारम्भिक बालविकासको नीति, रणनीति तथा कार्यनीति तर्जुमा गर्ने ।
- प्रमुख कार्यान्वयनकर्ताको रूपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक स्रोतसाधनको व्यवस्थापन गर्न समन्वय र सहजीकरण गर्ने ।
- वडास्तरमा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न वडा अध्यक्षको संयोजकत्वमा वडा प्रारम्भिक बालविकास समिति गठन गर्न सहयोग गर्ने ।
- वडास्तरमा कार्यक्रम सञ्चालन गन कार्यक्रमको खाका तयार गरी लागू गर्ने ।
- प्रारम्भिक बालविकासका लागि आर्थिक स्रोतको व्यवस्थापनमा समन्वय र सहजिकरण गर्ने ।
- स्थानीय तहमा मानव स्रोत विकास, व्यवस्थापन तथा परिचालनको सुनिश्चितता गर्ने ।
- सबै सरोकारवालाहरूसँगको समन्वयमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- स्थानीयस्तरमा प्रारम्भिक बालविकाससम्बन्धी सम्पूर्ण कार्यको समन्वय, कार्यान्वयन तथा अनुगमन गर्न बालविकास संयोजकको व्यवस्था गर्न सहजिकरण गर्ने ।

समितिले आवश्यकताअनुसार अस्थायी प्रकृतिका कार्यसमितिहरू निर्माण गरी कार्य गर्न, गराउन सक्नेछ भने समितिले आवश्यकताअनुसार सामाजिक सङ्घसंस्था तथा निजी सेवा प्रदायकका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।





## अनुसूची ४ :
## वडास्तरीय प्रारम्भिक बालविकास समिति गठन तथा काम, कर्तव्य र अधिकार

| | |
|---|---|
| वडा अध्यक्ष, सम्बन्धित वडा | अध्यक्ष |
| वडा सदस्य, महिला | सदस्य |
| वडा सदस्य, दलित महिला | सदस्य |
| प्रमूख (शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, कृषि, पशु शाखा) | सदस्य |
| संयोजक, वडा नागरिक समूह | सदस्य |
| स्थानीय महिला स्वास्थ्य स्वयंसेविका (१ जना) | सदस्य |
| प्रारम्भिक बालविकास विज्ञ (१ जना) | सदस्य |
| प्रतिनिधि, प्रारम्भिक बालविकासमा कार्यरत गैरसरकारी संस्था | सदस्य |
| वडा सचिव | सदस्य-सचिव |

वडा प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार निम्नअनुसार हुनेछः

- स्थानीयस्तरमा तयार गरिएको प्रारम्भिक बालविकासको कार्यनीति लागू गर्ने ।
- प्रमुख कार्यान्वयनकर्ताको रूपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
- वडास्तरमा कार्यक्रम सञ्चालन गर्ने ।
- प्रारम्भिक बालविकासका कार्यक्रम कार्यान्वयनका लागि आर्थिक स्रोतको व्यवस्थापन र परिचालनको लागि सहजिकरण गर्ने ।
- तोकिएको मापदण्डअनुसार कार्यक्रम अनुगमन, नियमन तथा कार्यान्वयनको सुनिश्चितता गर्ने ।
- सबै सरोकारवालाहरूसँगको समन्वयमा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

यस समितिले आवश्यकता अनुसार सामाजिक संघसंस्था तथा निजी सेवा प्रदायकका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

# अनुसूची ५ :
## नतिजा सूचक र कार्यान्वयन ढाँचा

(क) **प्रतिफल (Output)**

| प्रतिफल | सूचक | एकाइ | आधार वर्ष | लक्ष्य | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७५/७६ | २०७८/७९ | २०८०/८१ | २०८४/८५ | २०८७/८८ | | | |
| संघ, प्रदेश र स्थानीय तहमा प्रारम्भिक बालविकाससम्बन्धी नीति तर्जुमा भएको हुने | राष्ट्रिय रणनीतिका आधारमा ७ प्रदेश र ७५३ स्थानीय तहमा निर्देशिका/कार्यविधि तर्जुमा तथा लागू | संख्या | | ७६० | | | | वार्षिक प्रतिवेदन | प्रदेश योजना/नीति आयोगहरू र स्थानीय तहहरू | राष्ट्रिय योजना आयोग, संघीय तथा प्रादेशिक विषयगत मन्त्रालयहरू |
| संघ, प्रदेश र स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमको लागि कूल बजेटको निश्चित प्रतिशत विनियोजन भएको हुने | प्रदेश र स्थानीय तहमा एकिकृत प्रारम्भिक बाल विकासको लागि कुल बजेटको निश्चित प्रतिशत बजेट विनियोजन | संख्या | | ७६० | ७६० | ७६० | ७६० | वार्षिक बजेट तथा कार्यक्रम | प्रदेश र स्थानीय तहहरू | |
| संघ, प्रदेश र स्थानीय तहमा प्रारम्भिक बालविकास समिति गठन भएको हुने | १ संघीय समिति, ७ प्रादेशिक समिति र ७५३ स्थानीय समिति ६७४३ वडास्तीय समिति | संख्या | | ७५०४ | | | | वार्षिक प्रतिवेदन | राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरू, प्रदेश र स्थानीय तहहरू | |
| विषयगत मन्त्रालयले प्रारम्भिक बालविकास कार्यक्रमलाई नीति, योजना तथा कार्यक्रममा समावेश गरेको हुने | विषयगत मन्त्रालयबाट प्रारम्भिक बालविकास कार्यक्रमलाई आवधिक योजनामा समावेश | संख्या | | ८ | ८ | ८ | ८ | आवधिक योजना | राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालय | |





| प्रतिफल | सूचक | एकाइ | आधार वर्ष | लक्ष्य | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७५/७६ | २०७८/७९ | २०८०/८१ | २०८४/८५ | २०८७/८८ | | | |
| प्रारम्भिक बालविकासमा कार्यरत मानव स्रोतको क्षमता अभिवृद्धिका लागि विषयगत मन्त्रालयरुले तालिमको व्यवस्था गरेको हुने | प्रत्येक वर्ष कम्तीमा एकपटक एकीकृत प्रारम्भिक बालविकास सम्बन्धी आयोजना हुने तालिमको संख्या | संख्या | | ३×८ | ६×८ | ९×८ | १२× ८ | वार्षिक बजेट तथा कार्यक्रम | विषयगत मन्त्रालयहरू | राष्ट्रिय योजना आयोग |
| प्रारम्भिक बालविकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन भई प्रतिवेदन तयार भएको हुने | संघीय तहमा विषयगत मन्त्रालयद्वारा आ-आफ्नो विषय क्षेत्रको निरन्तर तथा चौमासिक अनुगमन र मूल्याङ्कनको संख्या | संख्या | | ३×३×८ | ६×३×८ | ९×३×८ | १२×३× ८ | विषयगत मन्त्रालयको वार्षिक प्रतिवेदन | विषयगत मन्त्रालयहरू | |
| | सबै प्रदेशले आ-आफ्नो सेवा क्षेत्रको निरन्तर तथा चौमासिक अनुगमन र मूल्याङ्कनको संख्या | संख्या | | ३×३×७ | ६×३×७ | ९×३×७ | १२×३×८ | वार्षिक प्रतिवेदन | विषयगत मन्त्रालयहरू | |
| | स्थानीय तहले समग्र एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमको निरन्तर तथा चौमासिक अनुगमन र मूल्याङ्कन | संख्या | | ३×३×७५३ | ६×३×७५३ | ९×३×७५३ | १२×३×७५३ | वार्षिक प्रतिवेदन | सम्बन्धित स्थानीय तहहरू | |

| प्रतिफल | सूचक | एकाइ | आधार वर्ष | लक्ष्य | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७५/७६ | २०७८/७९ | २०८०/८१ | २०८४/८५ | २०८७/८८ | | | |
| बालबालिकाका लागि आवश्यक आधारभूत सेवाको सूची अनरूपको मापदण्ड तर्जुमा र प्रयोग भएको हुने | उमेर अनुरूपको मापदण्डको तर्जुमा भएको | संख्या | | १ (संघ) + ७(प्रदेश) | | | | वार्षिक प्रतिवेदन | विषयगत मन्त्रालय र प्रादेशिक योजना/नीति आयोग | राष्ट्रिय योजना आयोग |
| | स्थानीय तहले उमेर अनुरूपको मापदण्डको तर्जुमा गरी प्रयोग गरेको | संख्या | | १५० | ३०० | ५५० | ७५३ | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | |
| गर्भवती तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि भएको हुने | मातृ मृत्यु दर (प्रतिलाख) | जना | २५८ | १२५ | ११६ | ९९ | ७० | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |
| | बाल मृत्युदर (प्रतिहजार) | जना | ३८ | २८ | २७ | २४ | २० | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |
| बालबालिकामा हुने रोगहरू तथा स्वास्थ्यसम्बन्धी महामारीमा तत्काल उपचारको व्यवस्था पुगेको हुने | बालबालिकाकामा हुने झाडापखालको महामारीमा कमी (प्रति दश हजार) | जना | १८ | ८ | ६ | ४ | १ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |
| | बालबालिकामा हुने स्वासप्रश्वास सम्बन्धी रोगको महामारीमा कमी (प्रति दश हजार) | जना | ०.८ | | | | ०.५६ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |





| प्रतिफल | सूचक | एकाइ | आधार वर्ष | लक्ष्य | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७५/७६ | २०७८/७९ | २०८०/८१ | २०८४/८५ | २०८७/८८ | | | |
| गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाले खोप लगाएको हुने | पूर्ण खोप सेवा प्राप्त गर्ने गर्भवती महिला | प्रतिशत | ७५.८ | | | | ९५ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |
| | पूर्ण खोप सेवा प्राप्त गर्ने प्रारम्भिक बालविकास उमेरका बालबालिका | प्रतिशत | ७८ | | | | ९५ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |
| | पूर्ण खोप घोषणा भएको जिल्ला | संख्या | ५६ | ६० | ६६ | ७२ | ७७ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |
| मानसिक स्वास्थ्य सेवामा गर्भवती र सुत्केरी महिलाको पहुँचमा वृद्धि भएको हुने | कूल स्वास्थ्य संस्थामा आधारभूत तहको मानसिक स्वास्थ्य सेवा उपलब्ध भएका स्वास्थ्य संस्था | प्रतिशत | | २० | ५० | ७५ | ९५ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |
| सबै परिवारमा सुरक्षित खानेपानीको पहुँच पुगेको हुने | घर र समुदायमा शुद्ध खाने पानी उपलब्ध भएको | प्रतिशत | २१ | ३३ | ४० | ६८ | ९० | राष्ट्रिय सूचना तथा व्यवस्थापन योजना | खानेपानी मन्त्रालय | |
| | विद्यालयमा शुद्ध खाने पानी उपलब्ध | प्रतिशत | २१ | ३३ | ४० | ६८ | ९० | राष्ट्रिय सूचनातथा व्यवस्थापन योजना | खानेपानी मन्त्रालय | |
| पानीको शुद्धीकरणसम्बन्धी ज्ञान र सीपमा वृद्धि भएको हुने | पानीको शुद्धीकरण गरी प्रयोग गर्ने परिवार | प्रतिशत | | | | | ९० | राष्ट्रिय सूचनातथा व्यवस्थापन योजना | खानेपानी मन्त्रालय | |
| बालमैत्री शौचालयको प्रयोगमा वृद्धि भएको हुने | विद्यालयमा बालमैत्री शौचालय उपलब्ध भएका विद्यालय | प्रतिशत | | ३५ | ५० | ७५ | ९५ | राष्ट्रिय सूचनातथा व्यवस्थापन योजना | खानेपानी मन्त्रालयर शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | |

| प्रतिफल | सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७८/७९ | लक्ष्य २०८०/८१ | लक्ष्य २०८४/८५ | लक्ष्य २०८७/८८ | सूचनाको स्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| व्यक्तिगत तथा वातावरणीय सरसफाइसम्बन्धी व्यवहारमा सुधार भएको हुने | खुला दिसामुक्त वडा घोषणा | संख्या | | ६७४३ | | | | राष्ट्रिय सूचनातथा व्यवस्थापन योजना | खानेपानी मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | |
| | फोहोरको उचित व्यवस्थापनका लागि मापदण्ड लागू भएका स्थानीय तह | संख्या | | ७५३ | | | | राष्ट्रिय सूचनातथा व्यवस्थापन योजना | स्थानीय तह | |
| प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध भएको हुने | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | प्रतिशत | ८५ | ८५.८ | ८९.४ | ९३ | ९९ | शिक्षा व्यवस्थापन सूचना प्रणाली | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| | प्रारम्भिक बालविकास उमेरका बालबालिकाका लागि प्रारम्भिक बालविकास तथा सिकाइको मापदण्ड लागू भएका स्थानीय तह | संख्या | | ३०० | ३७५ | ४६० | ७५३ | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | |
| प्रारम्भिक बालविकासका लागि विषयगत सेवाको आवश्यकता अनुरूप मानव स्रोतको व्यवस्थापन भएको हुने । | प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनका लागि आवश्यक विभिन्न तहका मानव स्रोतको मापदण्ड लागू | संख्या | | ७६१ | | | | वार्षिक प्रतिवेदन | विषयगत मन्त्रालयहरू | राष्ट्रिय योजना आयोग |





| प्रतिफल | सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७८/७९ | लक्ष्य २०८०/८१ | लक्ष्य २०८४/८५ | लक्ष्य २०८७/८८ | सूचनाको स्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकासमा कार्यरत मानव स्रोतको पेशागत उन्नयनको कार्यक्रम लागू भएको हुने । | प्रारम्भिक बालविकासको क्षेत्रमा आवश्यक मानव स्रोतको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष निश्चित अवधिको पूर्व सेवाकालीन (आधारभूत) तथा कार्यरत जनशक्तिको लागि पुनर्ताजगी तालिम सञ्चालन | प्रतिशत | | ४० % | ५० % | ७५ % | ९५% | वार्षिक प्रतिवेदन | विषयगत मन्त्रालयहरू | राष्ट्रिय योजना आयोग |
| प्रारम्भिक बालविकास उमेरका बालबालिकाको लागि सुरक्षा र संरक्षण नीति अवलम्वन गरिएको हुने । | बाल हेल्पलाइन (फोन नं १०९८) क्रियाशील भएका जिल्ला | संख्या | १२ | २८ | ४६ | ६४ | ७७ | राष्ट्रिय बाल अधिकार परिषदको वार्षिक प्रतिवेदन | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र प्रदेश सामाजिक विकास मन्त्रालय | |
| | बालबालिका खोजतलास नं. १०४ क्रियाशील भएका जिल्ला | संख्या | ७७ | ७७ | ७७ | ७७ | ७७ | राष्ट्रिय बाल अधिकार परिषदको वार्षिक प्रतिवेदन | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र नेपाल प्रहरी | |
| | बालबालिका खोजतलास नं. १०४ क्रियाशील भएका सेवा केन्द्र | संख्या | ७५ | २०० | २४० | २४० | २४० | राष्ट्रिय बाल अधिकार परिषदको वार्षिक प्रतिवेदन | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र नेपाल प्रहरी | |

| प्रतिफल | सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७८/७९ | लक्ष्य २०८०/८१ | लक्ष्य २०८४/८५ | लक्ष्य २०८७/८८ | सूचनाको स्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकासका लागि स्थानीय तहमा आवश्यक भौतिक पूर्वाधारको मापदण्ड लागू भएको हुने | एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम सहितको बाल उद्यान सञ्चालन भएका वडा | संख्या (वडा) | | १५०० | ३००० | ४५०० | ६७४३ | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश मन्त्रालय |
| | न्यूनतम मापदण्ड लागू भएका दिवा शिशु स्याहार केन्द्र | प्रतिशत | | ४० | ५० | ७५ | ९५ | राष्टिय सूचना तथा व्यवस्थापन योजना | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | |
| | न्यूनतम मापदण्ड लागू भएका बाल विकास केन्द्र | प्रतिशत | | ४० | ५० | ७५ | ९५ | शिक्षाव्यवस्थापन सूचना प्रणाली | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| | बालमैत्री विद्यालय प्रारुप अनुसारको न्यूनतम मापदण्ड लागु भएका कक्षा ३ सम्मका विद्यालय | प्रतिशत | | ४० | ५० | ७५ | ९५ | शिक्षाव यवस्थापन सूचना प्रणाली | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| स्थानीय तहमा सबै प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई प्रारम्भिक बालविकास कार्यक्रमको सेवा उपलब्ध भएको हुने | गर्भवती महिला तथा अभिभावकका लागि सचेतना कार्यक्रम लागू भएका स्थानीय तह | संख्या | | १५० | ३०० | ४५० | ७५३ | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | |
| | ४ देखि ५ वर्षका बालबालिकाको लागि बालविकास केन्द्र सञ्चालन भएका स्थानीय तह | संख्या | | १५० | ३०० | ४५० | ७५३ | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | |
| | ५ देखि ८ वर्षका बालबालिकाको लागि बालमैत्री शिक्षाको व्यवस्था भएका स्थानीय तह | प्रतिशत | | १५० | ३०० | ४५० | ७५३ | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | |





| प्रतिफल | सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | लक्ष्य २०७८/७९ | लक्ष्य २०८०/८१ | लक्ष्य २०८४/८५ | लक्ष्य २०८७/८८ | सूचनाको स्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको पोषण स्थितिमा सुधार भएको हुने | पोषणयुक्त वडा घोषणा भएको | संख्या | | १५०० | ३००० | ४५०० | ६७४३ | वार्षिक प्रतिवेदन | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | |
| | ५ वर्ष मुनिका बालबालिकाको पुड्कोपन (I) | प्रतिशत | ३५.८ | ३२ | २८.६ | २० | १५ | नेपाल बहुसूचक सर्वेक्षण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |
| | ५ वर्ष मुनिका बालबालिकाका रहेको ख्याउटेपने (उचाई अनुसार तौल कम) | प्रतिशत | ९.७ | ८ | ७ | ५ | ४ | नेपाल बहुसूचक सर्वेक्षण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |
| | सबै वडामा अभिभावकको लागि पोषण सम्बन्धी तालिम सञ्चालन | संख्या | | १५०० | ३००० | ४५०० | ६७४३ | वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | |

(ख) असर (Outcome)

| असर | सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | लक्ष्य (आ.व. २०८८/८९) | सूचनाको स्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|
| कानूनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण भएको हुने | प्रारम्भिक बालविकास समिति गठन | संख्या | | ७५०४ | रा यो आ, प्रादेशिक योजना / नीति आयोग र स्थानीय तहहरूको वार्षिक प्रतिवेदन | राष्ट्रिय योजना आयोग प्रादेशिक योजना / नीति आयोग र स्थानीय तहहरू | सं मा तथा सा प्र म |
| गुणस्तरीय सेवाको पहुँच सुनिश्चित भएको हुने | मापदण्ड तर्जुमा तथा लागू | संख्या | | ७६१ | विषयगत मन्त्रालयको वार्षिक प्रतिवेदन | विषयगत मन्त्रालय | राष्ट्रिय योजना आयोग |
| दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित भएको हुने | तीनै तहमा मानवीय स्रोत विकास सम्बन्धी नीति कार्यक्रमको तर्जुमा र कार्यान्वयन | संख्या | | ७६१ | विषयगत मन्त्रालयको वार्षिक प्रतिवेदन | विषयगत मन्त्रालय | राष्ट्रिय योजना आयोग |
| | तीनै तहबाट प्रारम्भिक बालविकासका लागि बजेट विनियोजन | संख्या | | ७६१ | वार्षिक बजेट तथा कार्यक्रम | संघीय तथा प्रादेशिक विषयगत मन्त्रालयहरू र स्थानीय तहहरू | अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग |
| परिवार तथा समुदायको सक्रिय सहभागिता भएको हुने | समुदायमा बालमैत्री पूर्वाधारको सुनिश्चितता | प्रतिशत (वडा) | | ९० | स्थानीय तहहरूको वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | संघीय र प्रादेशिक विषयगत मन्त्रालयहरू |
| | अभिभावक शिक्षा कार्यक्रममा परिवारका सदस्य तथा अभिभावकको सहभागितामा वृद्धि | प्रतिशत (वडा) | | ९० | स्थानीय तहहरूको वार्षिक प्रतिवेदन वार्षिक प्रतिवेदन | स्थानीय तहहरू | विषयगत मन्त्रालयहरू |





## अनुसुचि ६:
## प्रारम्भिक बालविकासका लागि संघीय तहमा विभिन्न मन्त्रालय/ निकायहरूको जिम्मेवारी विभाजन (उमेर समूहका आधारमा)

| | गर्भावस्थादेखि २ वर्षसम्म | २ देखि ४ वर्षसम्म | ४ देखि ८ वर्षसम्म |
|---|---|---|---|
| प्रमुख जिम्मेवारी | **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**<br>• स्थानीय तहसँग समन्वय गरी सबै गर्भवती महिलालाई तालिम प्राप्त स्वास्थ्यकर्मीबाट संस्थागत सुत्केरी गराउने वातावरण सुनिश्चित गर्ने ।<br>• गर्भवती भएको समयदेखि दम्पत्तिलाई प्रारम्भिक बालविकासका सबै विषयमा अभिभावक शिक्षा/परामर्शको व्यवस्था गर्ने ।<br>• स्थानीय तहसँग समन्वय गरी सबै गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकामा खोप सेवा प्राप्त गरेको तथा प्रसुति पश्चात् स्वास्थ्य परीक्षण तथा परामर्श सुनिश्चित गर्ने ।<br>• शिशु तथा बाल्यावस्थामा हुने रोगहरूको रोकथाम र व्यवस्थापन गर्न गुणस्तरीय सेवामा पहुँच बढाउने ।<br>• स्थानीय तहसँग समन्वय गरी सबै स्वास्थ्य संस्थामा मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउने ।<br>• मातृ, शिशु, बाल्य तथा किशोरावस्थामा हुने सूक्ष्म पोषकतत्वको कमीमा सुधार गराउने ।<br>• कडा कुपोषण भएका र अन्य विरामी बालबालिकाहरूको उपचार र व्यवस्थापन सुनिश्चित गर्ने ।<br>• विद्यालयमा खटिइ जाने नर्सको प्रशिक्षणमा बालविकास तथा बाल मनोभावना सम्बन्धि विषय समाहित गर्ने । | **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>• स्थानीय तहसँग समन्वय गरी सबै बालबालिकाले घरमा, समुदायमा वा केन्द्रमा आधारित प्रारम्भिक बालविकास तथा स्याहार कार्यक्रमबाट सबै किसिमका प्रारम्भिक बालविकासका सेवाबाट लाभान्वित भएको सुनिश्चित गर्ने ।<br>• प्रारम्भिक बालविकास तथा स्याहार कार्यक्रमको न्यूनतम मापदण्ड तर्जुमा गरी सोही अनुसार गुणस्तरीय कार्यक्रम लागु गराउने ।<br>• बालबालिकाका प्रारम्भिक स्याहारकर्ताका निम्ति प्रारम्भिक बालविकास तथा स्याहार कार्यक्रममार्फत अभिभावक शिक्षा/परामर्शको व्यवस्था गर्ने ।<br>• दुर्गम क्षेत्रमा बस्ने तथा अपाङ्गता भएका बालबालिकाका लागि वैकल्पिक कार्यक्रम सञ्चालन गराउने ।<br>• अन्य सरोकारवाला निकायसँग समन्वय गरी एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने । | **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**<br>• स्थानीय तहसँगको समन्वयमा ४ वर्षका सबै बालबालिका समुदाय, केन्द्र वा अन्य माध्यमका प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमबाट लाभान्वित भएको सुनिश्चित गर्ने ।<br>• प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम मापदण्ड, पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड अनुरुप प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रम सञ्चालन भएको सुनिश्चित गर्ने ।<br>• बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७ अनुरुप भौतिक पुर्वाधार व्यवस्थापन, बालकेन्द्रित शिक्षण सिकाइ, स्वस्थ, पोषणयुक्त तथा सुरक्षित वातावरणको सुनिश्चित गरी बालमैत्री विद्यालय सञ्चालन गर्ने ।<br>• दुर्गम क्षेत्रमा बस्ने तथा अपाङ्गता भएका बालबालिकाका लागि घरमा आधारित तथा दूर शिक्षा जस्ता वैकल्पिक कार्यक्रम सञ्चालन गर्ने ।<br>• सहजकर्ता, शिक्षक तथा विद्यालय नर्सको निरन्तर क्षमता अभिवृद्धिको व्यवस्था गर्ने । |

| | |
|---|---|
| सहयोगी मन्त्रालय/ निकायहरू | **अर्थ मन्त्रालय**<br>● गर्भवती महिला तथा प्रारम्भिक उमेरका बालबालिकाका निम्ति पर्याप्त बजेट विनियोजनगर्ने ।<br>● बजेटको प्रभावकारी कार्यान्वयन गराउन अनुगमन संयन्त्रको व्यवस्था गर्ने ।<br>**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>● समन्वय र सहजीकरण ।<br>● प्रारम्भिक उमेरका बालबालिका रहने स्थानका पूर्वाधारहरू बालमैत्री बनाउन मापदण्ड तर्जुमा गरी लागू गर्ने ।<br>**गृह मन्त्रालय**<br>● सबै बालबालिकाको जन्म दर्ता भएको सुनिश्चित गर्ने ।(स्थानीय तहको समन्वयमा)<br>● एकीकृत प्रारम्भिक बालविकासकालागि एकीकृत तथ्यांकको प्रवर्द्धन गर्ने ।<br>● विपद् न्यूनीकरण तथा व्यवस्थापनमा प्रारम्भिक उमेरका बालबालिका तथा गर्भवती महिलाकालागि विशेष व्यवस्था मिलाउने ।<br>**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**<br>● गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई विभिन्न प्रकारका हिंसा तथा दुर्व्यवहारबाट बचाउने ।<br>● बाल अधिकार तथा महिला अधिकारका बारेमा सचेतना अभिवृद्धि गर्ने व्यवस्था गर्ने ।<br>● बाल अधिकार सुनिश्चित गर्न मापदण्ड तयार गरी लागू गर्ने ।<br>**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**<br>● प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाले गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा पाउने व्यवस्था मिलाउने ।<br>**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**<br>● प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाले उत्प्रेरणात्मक सिकाइ वातावरण प्रदान गर्ने ।<br>● प्रारम्भिक बालविकासको न्यूनतम मापदण्ड तथा विकास तथा सिकाइको मापदण्ड लागू भएको सुनिश्चित गर्ने ।<br>**खानेपानी तथा सरसफाइ मन्त्रालय**<br>● प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाले सुरक्षित खानेपानी तथा बालमैत्री शौचालयमा पहुँच भएको सुनिश्चित गर्ने ।<br>**कृषि तथा पशुपंक्षी विकास मन्त्रालय**<br>● प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने ।<br>**राष्ट्रिय योजना आयोग**<br>● प्रारम्भिक बालविकासका लागि आवश्यक समन्वय तथा लगानी भएको सुनिश्चित गर्ने । |



# सन्दर्भ सामग्री


GoN. (2015). The Constitution of Nepal (2015). Kathmandu: Government of Nepal. Available at: http: / / www.mofa.gov.np/ the-constitution-of-nepal .

Heckman, J. (2000). Four Big Benefits of Investing in Early Childhood Development. Available at www.heckmanequation.org .

Ministry of Health and Population, New Era; and ICF International (2017). Nepal Demographic and Health Survey 2016. Kathmandu: Author.

Oxford Policy Management. (2018). *Evaluation of the National Early Childhood Program, Kathmandu: Author.*

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय। (२०६९)। बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९। सिंहदरवार, काठमाण्डौं।

युनिसेफ (२०१६)। उन्नत मस्तिष्कको निर्माण: प्रारम्भिक बालविकासका नयाँ आयामहरू। ललितपुर: युनिसेफ नेपाल।

शिक्षा विभाग (२०७४)। फ्ल्यास रिपोर्ट २०७४ सानोठिमी, भक्तपुर।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (२०७४)। स्थानीय सरकार सञ्चालन ऐन, २०७४। काठमाण्डौ। Available at www.lawcommission.gov.np .

संघीय संसद सचिवालय। (२०७५)। अनिवार्य तथा नि:शुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५। काठमाडौ: सङ्घीय संसद सचिवालय।

संघीय संसद सचिवालय। (२०७५)। अनिवार्य तथा नि:शुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५। काठमाडौ: संघीय संसद सचिवालय।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय। (२०७३)। विद्यालय क्षेत्र विकास योजना २०७३-२०८०। काठमाडौ: शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल सरकार।

शिक्षा विभाग, (२०६१)। प्रारम्भिक बालविकास रणनैतिक पत्र २०६१। सानोठिमी, भक्तपुर।

राष्ट्रिय योजना आयोग। (२०७५)। पन्ध्रौं योजनाको आधारपत्र (२०७६र७७-२०८०र८१), मस्यौदा। काठमाण्डौ।

राष्ट्रिय योजना आयोग। (२०७४)। बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५र७६-२०६९र८०), सिंहदरबार, काठमाण्डौं, नेपाल।


©UNICEF Nepal/2012/CSKarki

नेपाल सरकार

राष्ट्रिय योजना आयोग